# परिच्छेद : एक
# परिचय

## १.१ अध्ययनको पृष्ठभूमि

मानिस वा प्राणीले बाँच्नका लागि आफूलाई समय, परिस्थिति र स्थान सापेक्ष समायोजन गर्नुपर्ने हुन्छ । मानिसले बाँच्नका लागि देखेर, सुनेर, भोगेर, पढेर आफूलाई वातावरण अनुकूल परिवर्तन गर्न अनुभव बटुल्दै व्यवहारमा लैजाने गर्दछ, जसलाई शिक्षा भनिन्छ । महात्मा गान्धीका अनुसार व्यक्तिलाई वंशज र वातावरणले दिएको सुषुप्त अवस्थामा रहेको ज्ञानलाई प्रस्फुटन गर्ने साधन नै शिक्षा हो ।

व्यापक अर्थ अनुसार शिक्षा जीवनको सार हो । शिक्षा मानिसको जीवनमा निरन्तर चलिरहन्छ । मानिसले जीवनको कुनै पनि चरणमा औपचारिक, अनौपचारिक, अरीतिक वा आकस्मिक रुपले शिक्षा आर्जन गरिरहेकै हुन्छन् । जीवन र जगतलाई हेर्ने  दृष्टिकोण पनि समय सापेक्ष फरक पर्ने, आज सत्य सावित भएको कुरा भोलि गलत प्रमाणित हुन सक्ने विश्व परिवेशमा विज्ञान र प्रविधिको द्रुततर गतिमा भएको विकास जस्ता कारणले गर्दा पनि समय,काल र ठाउँ अनुसार शिक्षाका उद्देश्यहरु पनि फरक हुँदै जान्छन् र जानु पनि पर्दछ (शर्मा,२०५८) ।

शिक्षा विकास सम्बन्धी विश्व मानचित्रलाई हेर्दा प्राचिनकाल देखि आजको विज्ञान तथा प्रविधिको युग सम्म आइपुग्दा सोक्रेटस, कन्फ्युसियस, अरस्तु, प्लेटो, रुसो, मन्टेश्वरी, फ्रोवेल, गान्धी र बुद्धको शिक्षा विकासमा महत्वपूर्ण योगदान रहेको देखिन्छ । शिक्षाको सुरुआत सर्वप्रथम इ.सं.७३५ मा ग्रीस राज्यबाट भएको थियो । विस्तारै पण्डित्यवाद, पुनर्जागरण युग हुँदै आधुनिक युगमा  आयो । एशियामा शिक्षाको विकास २५ सय वर्ष पहिले गान्धरा (हालको अफगानिस्तानको कान्दाहार)वाट तक्षशीला विश्वविद्यालयको स्थापना सँगै भयो(शर्मा,२०५८) । नेपालको विगतदेखि वर्तमान सम्मको शिक्षा विकासलाई हेर्दा लिच्छवी र मल्लकालवाट प्रारम्भिक अवस्थाको शिक्षाको शुरुवात भएको पाइन्छ । तत्कालिन अवस्थामा शुरु भएको गुरुकुलीन शिक्षा विशेषतः धर्म प्रधान थियो तैपनि व्यवसायिक रुपमा कर्मकाण्ड, ज्योतिषशास्त्रको साथै कला र संस्कृतिको समेत विकास भएको पाइन्छ( शर्मा,२०५८) ।

पृथ्वीनारायण शाहको सम्पूर्ण जीवन नेपालको एकिकरण गर्ने कार्यमा वितेकाले शिक्षाको क्षेत्रमा खासै ध्यान जान सकेन । तै पनि व्यावसायिक र सैन्य शिक्षा दिने काम भने उनले पनि गरेका थिए । १०४ वर्षे राणाशासनलाई शिक्षाको विरोधीकाल भनिन्छ । किनभने

त्यतिवेला शिक्षाको विकास मन्दगतिमा भयो र नागरिकहरु त्यसबेलाको शैक्षिक व्यवस्थाबाट खासै लाभान्वित हुन सकेनन् । तैपनि नेपालमा आधुनिक शिक्षाको सुरुवात चाहि वि.सं.१९१० आश्विन १० गते दरबार हाइस्कुलको स्थापनाबाट भयो । शिक्षाप्रेमी तथा उदारवादी राणा प्रधानमन्त्री देव शमशेरले काठमाण्डौं उपत्यका भित्र १५० र बाहिर १०० गरी २५० वटा पाठशालाहरु खोल्ने काम गरे । वि.सं. १९७५ मा त्रिचन्द्र कलेजको स्थापना भयो र वि.सं. १९९६ मा श्री ३ जुद्ध शमशेरले शिक्षा सम्बन्धि इस्तिहार जारी गरेपछि विद्यालय खोल्ने लहर नै चल्यो (शर्मा, २०५७)।

नेपालमा वि.सं. २००७ सालमा प्रजातन्त्र आएपछि व्यवस्थित शिक्षाको विकास भएको देखिन्छ । नेपालमा वि.सं.२०११ मा राष्ट्रिय शिक्षा योजना आयोग(२०११), वि.सं. २०१७मा सर्वाङ्गीण राष्ट्रिय शिक्षा समिति(२०१८), वि.सं.२०२८ मा राष्ट्रिय शिक्षा पद्धतिको योजना(२०२८), वि.सं.२०४९ मा राष्ट्रिय शिक्षा आयोग(२०४९), उच्चस्तरीय राष्ट्रिय शिक्षा आयोग २०५५ हुँदै उच्चस्तरीय कार्य समिति(२०५८) सम्म नेपालमा शिक्षा ऐन र नियमावली बन्दै, संशोधन हुँदै र कार्यान्वयन हुँदै आएको छ (अधिकारी,२०६६) ।

नेपालमा वि.सं.२००७ सम्म ३२१ जति प्रारम्भिक तथा प्राथमिक विद्यालयहरु थिए । वि.सं. २०५३/०५४ सम्म प्राथमिक विद्यालयको संख्या सामुदायिक तर्फ मात्र २२,२१८ र वि.सं.२०६४ मा आइपुग्दा प्राथमिक विद्यालयको संख्या २८,१३१ पुगेको छ । त्यस्तै वि.सं.२००७ साल सम्म प्राथमिक तहमा ५०५ विद्यार्थी भएकोमा वि.सं.२०५३/०५४ सम्ममा उक्त संख्या बढेर ३,४४,७६० पुग्यो । हाल मुलुकको करिब ८,५०० निजी विद्यालयहरुमा मात्र करिब १५ लाख विद्यार्थीहरु अध्ययनरत् छन् (प्रतिवेदन,२०५५) ।

नेपालमा निम्न माध्यमिक शिक्षा विभिन्न स्वरुपबाट विकसित हुँदै आएको छ । नेपाल राष्ट्रिय शिक्षा आयोजनाले कक्षा ६–८ सम्मलाई नि.मा.वि. तह कायम गरेको थियो । यसैगरी राष्ट्रिय शिक्षा पद्दतिको योजना २०२८ ले निम्न माध्यमिक शिक्षालाई कक्षा ४–७ सम्म कायम गरेको थियो । राष्ट्रिय शिक्षा आयोग २०४९ को प्रतिवेदनले निम्न माध्यमिक शिक्षालाई कक्षा ६-८ सम्म कायम गरेको छ ।

प्राथमिक तह पार गरेर आधारभूत शिक्षा प्राप्त गरेका सामान्यतया ११ देखि १३ वर्षका बालबालिकालाई निम्न माध्यमिक तहको शिक्षा दिइने हुनाले प्राथमिक शिक्षा भन्दा यस तहका विद्यार्थीहरुबाट थप कुराहरु अपेक्षा गरिएको हुन्छ । वर्तमान शिक्षा प्रणालीले निम्न माध्यमिक तहका लागि-“राष्ट्र र प्रजातन्त्रप्रति आस्थावान,सामाजिक र प्राकृतिक

वातावरण प्रति सचेत, भाषिक व्यवहारमा सक्षम, श्रमप्रति सकारात्मक प्रवृत्ति भएका, स्वस्थ स्वालम्बी एवं चरित्रवान नागरिक तयार गर्ने" शिक्षाको तहगत उद्देश्य राखेको छ (प्रतिवेदन २०४९)।

नेपालमा शिक्षा पद्धतिको इतिहासलाई हेर्दा प्राचिन समयमा विद्यालयको अस्तित्व थिएन । चेलाहरु गुरुकुलमा गई व्यक्तिगत रुपमा ज्ञान र नीतिका कुराहरु सिक्दथे । बाबुले छोरालाई र आमाले छोराबुहारीलाई कुलघरानका कुराहरु सिकाउँथे । लिच्छवीकालमा वेद,व्याकरण, न्यायदर्शन, ज्योतिषको ज्ञान गुरुहरुले चेलाहरुलाई दिन्थे । मल्लकालमा ठूलाबडाका छोराहरु अनौपचारिक रुपमा मठ,मन्दिर,आश्रम र विहारमा शिक्षा आर्जन गर्दथे । बाइसे–चौविसे राज्यका वैदिक धर्मका अनुयायी भएकाले त्यसवेला संस्कृत शिक्षाको प्रचलन थियो भने शिक्षा प्रदान गर्ने कुनै औपचारिक पाठशाला थिएन । जंगबहादुरले वि.सं.१९०६–०७ सालतिर बेलायत भ्रमणबाट फर्किए पछि आफ्ना छोराहरुलाई पढाउन वि.सं.१९१० मा दरवार हाइस्कुल स्थापना गरे । यो नै नेपालको पहिलो औपचारिक विद्यालय हो । उक्त विद्यालयमा वि.सं.१९४२ मा वीर शमशेरले सर्वसाधारणका छोराछोरीलाई खुल्ला गरिदिएका थिए भने देव शमशेरले मूर्तरुप दिएका थिए । २००७ सालमा प्रजातन्त्रको स्थापना हुँदा नेपालको साक्षरता २ प्रतिशत रहेको थियो भने २१ वटा अंग्रेजी र ४ वटा संस्कृत हाइस्कुल स्थापना भएका थिए(शर्मा २०५८)।

सर्वप्रथम वि.सं.१९९३ मा गंगालाल,टंक विलास,सिद्धिचरण,चन्द्रमान मास्के र फत्तेबहादुर सिंह आदि मिलेर सरकारी अनुमति विना नै महावीर स्कुलको स्थापना गरे । यो नै नेपालको पहिलो निजीस्तरको विद्यालय थियो । कक्षा ७ सम्म पढाइ हुने उक्त विद्यालय १९९७ सालमा बन्द गरिएको थियो । सन् १९४० को अन्त्यतिर दुई प्रकारका विद्यालयहरु अस्तित्वमा आएका थिए । पहिलो सरकारी विद्यालय जसको सम्पूर्ण आर्थिक भार सरकारले नै बहन गर्‍यो भने अर्को निजीस्तरको विद्यालय । त्यतिबेला पद्मोदय विद्यालय र पद्मकन्या विद्याश्रम सार्वजनिक विद्यालयको रुपमा रहेका थिए (शर्मा २०५७)।

वि.सं.२००८ सालदेखि त्रिभुवन आदर्श वोर्डिङ्ग स्कुल, वनस्थली विद्याश्रम बालाजु र आनन्दकुटी विद्याश्रम वोर्डिङ्ग स्कुल स्वयम्भू काठमाण्डौंमा स्थापना पछि निजी विद्यालयको अवधारणाको विकास भएको थियो । यही अवधारणा अनुसार पछि आएर प्रशस्त मात्रामा सार्वजनिक र निजी विद्यालयहरु खुलेका छन् ।

विगत डेढदशक यता मूलतः सामुदायिक र संस्थागत विद्यालयमा शिक्षाको गुणस्तर फरक देखिएको छ । यो अवधिमा निजी विद्यालयको संख्यामा उल्लेखनीय वृद्धि भएको छ । २०५२ सालमा माध्यमिक तहमा अध्ययनरत विद्यार्थीहरु मध्ये ३५.६ प्रतिशत विद्यार्थीहरु मात्र गुणस्तरीय शिक्षा प्राप्तिमा  संलग्न थिए । यस प्रकार गुणस्तरीय शिक्षाका नाममा संस्थागत विद्यालय स्थापना र विद्यार्थी भर्नाले तीव्रता पाएका छन् (डा. थापा १९८७)।

शिक्षा ऐन २०२८ को सातौं संशोधन(२०५८) ले सामुदायिक विद्यालय भन्नाले नेपाल सरकारवाट नियमित रुपमा अनुदान पाउने गरी अनुमति वा स्वीकृति प्राप्त विद्यालय र संस्थागत विद्यालय भन्नाले नेपाल सरकारवाट नियमित रुपमा अनुदान नपाउने गरी अनुमति वा स्वीकृति प्राप्त विद्यालय भनि परिभाषित गरेको छ । हाल आएर इलाम जिल्लामा सामुदायिक विद्यालय ४४२ र संस्थागत १११ रहेका छन् । शैक्षिक सत्र २०६६/०६७ मा उक्त दुवै प्रकारका विद्यालयमा अध्ययन गरेका विद्यार्थीहरु मध्ये प्रा.वि. तर्फ छात्र २२,११३ र छात्रा २२,५५०, नि.मा.वि. तर्फ छात्र ११,०४३ र छात्रा १२,३४० र मा.वि. तर्फ छात्र ४,८७७ र छात्रा ५,७०३ र उच्च मा.वि. तर्फ छात्र २२८६ छात्रा २९८५ जना गरि जम्मा छात्र ४०,३१९ र छात्रा ४३,५७८ रहेको देखिन्छ( जि.शि.का. इलाम)। यसरी हेर्दा इलाम जिल्लामा छात्रको तुलनामा छात्राहरुको सङ्ख्या बढी देखिन्छ ।

नेपालको शिक्षाको जिल्लास्तरीय प्रशासन बलियो र विस्तारित प्रारुप राष्ट्रिय शिक्षा पद्धतिको योजना २०२८ लागू भएदेखि पाइन्छ । यस कार्यका लागि प्रत्येक जिल्लामा शिक्षा कार्यालयको स्थापना गरिएको छ । उक्त कार्यमा जिल्लाको शैक्षिक प्रशासन सञ्चालन गर्न जिल्ला शिक्षा अधिकारी रहने व्यवस्था छ । जसलाई आफ्नो जिल्ला स्तरको पाठ्यक्रम कार्यान्वयन,परीक्षा तथा मूल्याङ्कन आदि कुराको जिम्मेवारी दिइएको हुन्छ (वाग्ले २०५६) । सोही जिम्मेवारी अनुरुप नि.मा.वि.तहको अन्त्यमा हुने कक्षा ८ को जिल्लास्तरीय परीक्षा संचालन गर्न जिल्ला शिक्षा अधिकारीको अध्यक्षतामा परीक्षा समितिको गठन हुने व्यवस्था छ । परीक्षा संचालनको नीति निर्धारण गर्न तथा परीक्षाको परिचालन र नियन्त्रण गर्नका लागि हरेक जिल्लामा सार्वजनिक तथा निजी क्षेत्रका विद्यालयहरुको समेत प्रतिनिधित्व हुने गरी गठन हुने यो समिति पाँच सदस्यीय हुने व्यवस्था छ । जिल्ला शिक्षा अधिकारीले तोकेका कुनै सदस्य सचिवले परीक्षा समितिका अन्य विशेषज्ञलाई आमन्त्रण गर्ने सक्ने व्यवस्था छ । यस समितिले परीक्षा संचालन गर्ने, गराउने, परीक्षाफल प्रकाशित गर्ने, प्रमाण पत्र दिने, परीक्षा शुल्क लिने, पारिश्रमिक दिने, परीक्षाको मर्यादा कायम गर्ने जस्ता कार्य

गर्दछ । समितिले जिल्ला भित्रका विद्यालयहरुलाई समूह समूहमा विभाजन गरी छुट्टै उपसमिति गठन गरी परीक्षा संचालन गर्न सक्ने व्यवस्था गरिएको छ । त्यस्तै गरी मन्त्रालयले तोके अनुसार न्यूनतम शैक्षिकस्तर कायम गरेका विद्यालयहरुलाई आफ्नो परीक्षा आफै वा समूहगत रुपमा संचालन गर्ने गरी  अनुमति दिन सक्नेछ। यसरी नि.मा.वि.तहको अन्त्यमा लिइने जिल्ला स्तरीय परीक्षा संचालन गरिन्छ। कक्षा ८ माध्यमिकस्तरको प्रवेशको पहिलो खुड्किलो तथा नि.मा.वि.तहको अन्तिम खुड्किलो भएकोले जिल्लाको शैक्षिक स्तरमा एकरुपता ल्याउन जिल्ला स्तरीय परीक्षा संचालन उपयुक्त र प्रभावकारी ढंगले गर्न आवश्यक छ (ज.व.रा., श्रेष्ठ,रञ्जितकार,०६४) ।

विद्यार्थीले के सिकिरहेका छन् र शिक्षकले पाठ्यक्रमका उद्देश्य प्राप्त गर्नका लागि शिक्षणमा कुन कुन कुरामा जोड दिएका छन् भन्ने कुरा निर्धारण गर्न परीक्षाले प्रभावकारी भूमिका खेलेको हुन्छ । तर कटुसत्य के छ भने प्राविधिक ज्ञानको अभाव र उचित व्यवस्थापनको अभावमा परीक्षाले चाहेको उद्देश्य पूरा हुन सक्दैन । उपर्युक्त तरिकाले सञ्चालन गरेको  परीक्षाले मात्र भरपर्दो नतिजा ल्याउँछ।

राष्ट्रिय शिक्षा आयोगको प्रतिवेदन(२०४९)को सिफारिस अनुसार लागू गरिएको वर्तमान निम्न माध्यमिक तहको पाठ्यक्रम शैक्षिक सत्र २०५८ मा सामान्य परिमार्जन भई हाल निम्न ढाँचाको पाठ्यक्रम कार्यान्वयन भइरहेको छ।

**निम्न माध्यमिक तहको वर्तमान पाठ्यक्रम ढाँचा**

| क.सं. | विषय | कक्षा– ६,७ र ८ | |
|---|---|---|---|
| | | पूर्णाङ्क | पाठ्यभार |
| १ | नेपाली | १०० | ५ |
| २ | गणित | १०० | ६ |
| ३ | अंग्रेजी | १०० | ६ |
| ४ | सामाजिक शिक्षा | १०० | ५ |
| ५ | विज्ञान | १०० | ५ |
| ६ | स्वास्थ्य र शारीरिक | ५० | ३ |
| ७ | संस्कृत/नागरिक तथा नैतिक शिक्षा | ५० | ३ |
| ८ | जनसंख्या तथा वातावरण शिक्षा | ५० | ३ |
| ९ | कला/पूर्व व्यावसायिक शिक्षा | ५० | ३ |
| | **जम्मा** | **७००** | **३९** |

स्रोत: रा.शि.आ.को प्रतिवेदन, २०४९

विद्यालय क्षेत्र सुधार योजना (SSRP) अर्न्तगत कक्षा १–८ को आधारभूत शिक्षा तथा ९–१२ को माध्यमिक शिक्षालाई एकीकृत गर्ने विषयले सामाजिक तथा राजनीतिक

वृत्तवाट समेत गति प्राप्त गरेको छ । त्रिवर्षीय अन्तरिम योजना तथा अन्य राष्ट्रिय कार्यक्रमहरुले समेत शिक्षा क्षेत्रमा अपेक्षित सुधारका लागि मार्गदर्शन दिएका छन् । यसो भए पनि केही चुनौतीहरुलाई सम्बोधन गर्नु अत्यावश्यक छ । करिब ८ प्रतिशत प्राथमिक विद्यालय जाने उमेर समूहका(५–९) वर्ष र करिब २५ प्रतिशत आधारभूत शिक्षाका उमेर समूह (५–१२ वर्ष) का वालवालिकाहरु अझै विद्यालय वाहिरै छन् । त्यसै गरी सामाजिक समावेशिता तथा समता सम्बन्धी विषय शिक्षा सेवा प्रवाहका प्रत्येक तहमा प्रमुख चासोका रुपमा रहेका छन् । न्यून स्तरका सिकाइउपलब्धि र विद्यालय छोड्ने तथा कक्षा दोहोऱ्याउने दर उच्च भएका कारणले सक्षमता र प्रभावकारिता सम्बन्धी ठूलो चूनौतीको सामना गर्नु परेको छ (विद्यालय क्षेत्र सुधार योजना, २०६६–२०७२)।

समाजले सामाजिक,आर्थिक, धार्मिक जिम्मेवारी छोरालाई दिएको हुन्छ । छोरीलाई पैतृक सम्पत्तिबाट वञ्चित गराई घरको काममा लगाएको पाइन्छ । छोराले भन्दा छोरीले २५ प्रतिशत बढी समय घरको काममा बिताउँछन् (विश्व बैंक, सन् १९९०) ।

नेपालको कुल साक्षरता ५१.५ प्रतिशत र महिला साक्षरता ४२.८ प्रतिशत मात्र छ (नेपाल पपुलेशन मनोग्राफ २००३)।

राष्ट्रको बहुसंख्यक जनता गरिब र अशिक्षित भएका सबै परम्परालाई अनुशरण गर्ने भएकाले नेपालको शैक्षिक उपलब्धिमा लैंगिक असमानता रहेको पाइन्छ ।

## १.२ समस्याको कथन

यो अध्ययन इलाम जिल्लाको जिल्लास्तरीय परीक्षा प्रणाली र सामुदायिक एवं संस्थागत विद्यालयको निम्न माध्यमिक तहको जिल्लास्तरीय परीक्षामा विद्यार्थीहरुले प्राप्त गरेको उपलब्धिको विश्लेषणात्मक एवं तुलनात्मक अध्ययन र कक्षा ८ मा शिक्षणमा देखापरेका साझा समस्या र त्यसको निराकरणको उपायहरुसँग सम्बन्धित छ । यस अध्ययनको सहायताले सामुदायिक र संस्थागत विद्यालयका विद्यार्थीहरुको शैक्षिक उपलब्धिमा रहेको भिन्नता,छात्र–छात्रा विद्यार्थीहरुको उपलब्धिमा रहेको अन्तर एवं कक्षा ८ मा शिक्षणमा देखा परेका साझा समस्या पहिचान गरी ती समस्या समाधानका उपायहरु खोजी गरिएको छ । यिनै विभिन्न सान्दर्भिक समस्याहरुलाई ध्यानमा राखी यो अनुसन्धानको विषय “जिल्लास्तरीय परीक्षा प्रणाली र सिकाइ उपलब्धिको विश्लेषण” राखिएको छ ।

## १.३ अध्ययनको औचित्य

कुनै पनि देशको चौतर्फि विकासको लागि शिक्षाको आवश्यकता महत्वपूर्ण हुन्छ । नेपालको आर्थिक विकासको लागि मानव संसाधनको मूल आधारका रुपमा रहेको माध्यमिक शिक्षा गुणस्तरीय एवं उन्नत बनाउन निम्न माध्यमिक शिक्षा गुणस्तरीय हुन आवश्यक छ । निम्नमाध्यमिक तहको तहगत उद्देश्यलाई पूरा गर्न नेपालमा  हाल मूलतः सामुदायिक र संस्थागत गरी दुई प्रकारका विद्यालयहरु संचालन भइरहेका छन् । नेपाल सरकारबाट नियमित रुपमा अनुदान पाउने गरी स्वीकृति वा अनुमति प्राप्त भइ संचालित विद्यालयहरु सामुदायिक विद्यालयहरु हुन् । त्यस्तै गरी नेपालको शिक्षा ऐन २०२८ अनुसार निजी श्रोतबाट विद्यालय संचालन गर्न व्यक्ति,व्यक्तिहरु,संघसंस्था,समुदाय आदिले जिम्मा लिएर संचालन गरिएका विद्यालय संस्थागत विद्यालयहरु हुन् ।

नेपालमा निजी र सामुदायिक विद्यालय बीच सम्बन्ध, समन्वय र स्वच्छ प्रतिष्पर्धा हुन सकेको छैन । संस्थागत विद्यालयहरु गुणात्मक शिक्षा प्रदान गर्नुभन्दा बढी व्यापारीक दृष्टिकोणले प्रतिष्पर्धामा रहेको जस्तो देखिन्छ । त्यसको प्रमुख कारण सामुदायिक विद्यालयभित्र हुने राजनीति,असन्तोषजनक शैक्षिक वातावरण, व्यापक विद्यार्थी चाप, विषयगत शिक्षकको अभाव, शिक्षक दरबन्दीको अभाव, निराशाजनक शैक्षिक व्यवस्थापन रहेको छ भने अर्कोतर्फ समुदायका मानिसहरुको भ्रम के रहेको छ भने संस्थागत विद्यालयमा सामुदायिक विद्यालयमा भन्दा राम्रो पढाई हुन्छ, दक्ष शिक्षकहरु हुन्छन् ।

सबै जिल्ला शिक्षा कार्यालयले जि.शि.अ.को अध्यक्षतामा जिल्ला स्तरीय परीक्षा समिति गठन गरी  जिल्ला स्तरीय परीक्षा संचालन,प्रश्न–पत्र निर्माण,उत्तरपुस्तिका परीक्षण, रेकर्ड राख्ने तथा नतिजा प्रकाशन गर्ने कार्य समेत गर्दछ । निम्न माध्यमिक तहको जिल्लास्तरीय परीक्षा सुरु भएको एक दशक भन्दा बढी समय वितिसक्दा पनि जिल्ला भित्रका सामुदायिक र संस्थागत विद्यालयको उपलब्धिको भिन्नतालाई व्याख्या विश्लेषण गरिएको पाइँदैन । जिल्लास्तरीय परीक्षाको नतिजा प्रकाशन भएपछि धेरै पत्रपत्रिकाहरुमा संस्थागत विद्यालयका विज्ञापनहरु,बधाइ ज्ञापन,सत्प्रतिशत नतिजा भनेर विज्ञापन गरेको पाइन्छ । त्यसैले सामुदायिक र संस्थागत विद्यालयमा कक्षा ८ मा अध्ययन गरेका विद्यार्थीहरुले जिल्ला स्तरीय परीक्षामा प्राप्त गरेको प्राप्ताङ्कलाई तथ्याङ्कशास्त्रीय विधिद्वारा व्याख्या विश्लेषण गर्नुका साथै शिक्षण सिकाइमा देखापरेका समस्या पत्ता लगाई

निराकरणका उपायहरु औंल्याई सामुदायिक र संस्थागत विद्यालयका विद्यार्थीहरुको यथार्थ चित्रण गर्ने यस अध्ययनको औचित्य रहेको छ ।

## १.४ अध्ययनको उद्देश्य

यो अध्ययन निम्न माध्यमिक तहको जिल्ला स्तरीय परीक्षामा विद्यार्थीहरुले प्राप्त गरेको उपलब्धिको तुलनात्मक अध्ययन गर्नुका साथै कक्षा ८ मा शिक्षण सिकाइमा देखा परेका समस्या समाधानका उपायहरुसँग सम्बन्धित रहेको छ ।

क) जिल्लास्तरीय परीक्षा संचालन प्रक्रियाको अवस्था पहिचान गर्ने ।

ख) सामुदायिक र संस्थागत विद्यालयका विद्यार्थीहरुको सिकाइ उपलब्धिको तुलना गर्ने ।

ग) विद्यार्थीहरुको उपलब्धिलाई प्रभाव पार्ने कारक तत्वहरुको विश्लेषण गर्ने ।

घ) समस्या समाधानका उपायहरु सुझाउने ।

## १.५ अनुसन्धानात्मक प्रश्नहरु

यस अनुसन्धानलाई अगाडी बढाउन देहाय अनुसारका अनुसन्धानात्मक प्रश्नहरु पहिचान राखिएका छन् ।

क) इलाम जिल्लाको जिल्लास्तरीय परीक्षा प्रणालीको अवस्था कस्तो छ ?

ख) जिल्लास्तरीय परीक्षामा सम्मिलित सामुदायिक र संस्थागत विद्यालयका विद्यार्थीहरुको सिकाइ उपलब्धिको स्थिति कस्तो छ ?

ग) विद्यार्थीको सिकाइ उपलब्धिलाई प्रभाव पार्ने कारक तत्वहरु के के हुन् ?

घ) उक्त समस्याका लागि के के उपायहरु अवलम्वन गर्न सकिन्छ ?

## १.६ अध्ययनको परिसीमा

कुनै पनि अध्ययन गर्दा त्यसको निश्चित सीमा तोकिएको हुन्छ । जुनसुकै क्षेत्रमा गरिएको अध्ययनले पनि ज्ञानको घेरालाई विस्तार गर्दछ । यस अध्ययनको क्षेत्र व्यापक भएता पनि समय, श्रोत, साधन र आर्थिक कठिनाईलाई मध्यनजर राखी अध्ययनका क्षेत्रलाई इलाम जिल्ला अन्तर्गतको करफोक श्रोत केन्द्र भित्रका सामुदायिक र संस्थागत विद्यालयहरुमा सिमित गरिएको छ । यस अध्ययनका लागि इलाम जिल्लाको जिल्ला स्तरीय परीक्षा २०६३,२०६४,२०६५ र २०६६ को नतिजामा सीमित गरिएको छ । यस श्रोत केन्द्र अन्तर्गतका उत्तरदाताको रुपमा छनौटमा परेका सामुदायिक तथा संस्थागत विद्यालयका २/२ जना शिक्षक, विद्यार्थी, अभिभावक र शिक्षासंग सम्वद्ध व्यक्तिहरुलाई नमूना छनौटका आधारमा छनौट गरी समसामयिक प्रश्नहरु सोधिएको छ ।

यस अध्ययनद्वारा विद्यालयको भौतिक अवस्था विद्यार्थीको उमेर, श्रेणीगत अवस्था, पारिवारिक अवस्था र सामाजिक वनावटलाई देखाउन सकिएको छैन । यसका साथै स्रोत केन्द्र अन्तर्गतका सम्बन्धित विद्यालयको सेवा क्षेत्र भित्र पर्ने बस्तिको जातिगत तथ्याङ्क लिइएको छैन । यसबाट प्राप्त निष्कर्ष अन्य जिल्लाका विद्यालयहरुको सन्दर्भमा लागू नहुन पनि सक्दछ ।

## १.७. महत्वपूर्ण शब्दहरुको परिभाषा

**सिकाइ उपलब्धिः** कक्षा ८ का विद्यार्थीहरुको जिल्ला स्तरीय परीक्षामा प्राप्त परीक्षाफल ।

**जिल्लास्तरीय परीक्षाः** कक्षा ८ को अन्तमा लिइने परीक्षा ।

**सामुदायिक विद्यालयः** नेपाल सरकारवाट नियमित रुपमा अनुदान पाउने गरी अनुमति वा स्वीकृति प्राप्त सरकारी विद्यालय ।

**संस्थागत विद्यालयः** नेपाल सरकारवाट नियमित रुपमा अनुदान नपाउने गरी अनुमति वा स्वीकृति प्राप्त निजी विद्यालय ।

# परिच्छेदः दुई

## सम्बन्धित साहित्यको पुनरावलोकन र सैद्धान्तिक खाका

विगतले वर्तमानलाई मार्गदर्शन गर्दछ । विगतमा भए गरेका कार्यको लेखाजोखा गरि वर्तमानका लागि गरिने कार्य योजना उद्देश्य प्राप्तिका लागि बढी सान्दर्भिक हुन्छ । त्यसैले अनुसन्धानकर्ताको लागि विगतमा गरिएका पूर्व सामाग्रीको अध्ययन र समिक्षा वर्तमानको अध्ययनका लागि महत्वपूर्ण हुन्छ । नेपालमा निजी र सामुदायिक विद्यालयमा पढ्ने विद्यार्थीहरुको उपलब्धिलाई तुलना गर्ने उद्देश्यले धेरै अनुसन्धानहरु भएका छन् । त्यसैगरि नेपालका सामुदायिक विद्यालयहरुको शैक्षिक उपलब्धिमा सुधार गर्ने प्रयत्न स्वरुप शिक्षा ऐन र नियमावली संशोधन हुने गरेका छन् । विभिन्न शैक्षिक परियोजना तथा कार्यक्रमहरु समेत कार्यान्वयन भईरहेका छन् । यस अध्ययनमा पनि सामुदायिक तथा संस्थागत विद्यालयहरुको शैक्षिक उत्पादनमा सुधार ल्याउन विगतमा गरिएका सान्दर्भिक लेख अनुसन्धानको समिक्षा गरिएको छ ।

### २.१ सम्बन्धित साहित्यको पुनारावलोकन

कुनै पनि अनुसन्धान कार्यको विषय वारेमा स्पष्ट धारणा बसाल्न पूर्व अध्ययनको समिक्षा गर्नु आवश्यक हुन्छ । यसरी सान्दर्भिक साहित्यको पुनरावलोकन गर्दा अनुसन्धानकर्ताले गरेको अनुसन्धान धेरै वास्तविक यथार्थ र अर्थपूर्ण हुने देखिन्छ भने अनुसन्धानकर्तालाई अध्ययनको व्याख्या विश्लेषण गर्ने आधार प्राप्त हुन्छ । इलाम जिल्लाको निम्न माध्यमिक तहको सामुदायिक र संस्थागत विद्यालयका विद्यार्थीहरुको सिकाई उपलब्धिको तुलनात्मक अध्ययन सँग सम्बन्धित अध्ययन र अनुसन्धान नभएको हुनाले यो शोध कार्यसँग सम्बन्धित साहित्य कम पाइन्छन् । यसर्थ अध्ययनको प्रयासहरुका आधारमा यो पुनरावलोकन गरिएको छ ।

ज.व.रा., श्रेष्ठ र रञ्जितकार(२०६१)का अनुसार उपलब्धि परीक्षणका क्षेत्रहरु प्रकृति,योग्यता,रुचि,समस्या समाधान गर्ने क्षमता, विषयवस्तुवाट निस्कर्ष निकाल्न सक्ने क्षमता,सामान्यिकरण गर्न सक्ने क्षमता हुन्छ । उपलिब्ध परीक्षणले ज्ञान तथा नियन्त्रित अवस्थाको प्रभावको मापन गर्दछ(ज.व.रा.,श्रेष्ठ रञ्जितकार,२०६१) ।

शैक्षिक लगानीको सबैभन्दा पहिलो महत्वपूर्ण अङ्ग लक्ष र उद्देश्य हो । वास्तवमा शिक्षाको लक्ष र उद्देश्य पनि व्यापक दायराको हुन्छ । लक्ष प्राप्तिका लागि विभिन्न उद्देश्यहरु निर्माण गरिएको हुन्छ । यी उद्देश्यहरु साधारण र विशिष्ट हुन्छन् । यहाँ लक्ष वा उद्देश्य जे

भने पनि शैक्षिक उत्पादन वा शैक्षिक उपलब्धिको पक्षमा लिइएको हुनाले शिक्षाको लक्ष वा उद्देश्यलाई एउटै अर्थमा पनि राखिन्छ । यसैलाई शैक्षिक उपलब्धि(Learning out comes) पनि भनिन्छ । विभिन्न तहमा जनशक्तिहरु निर्माण गर्ने शिक्षाको लक्ष वा उद्देश्य रहेको यस्ता उत्पादित जनशक्तिलाई शैक्षिक उपलब्धि भनिन्छ(शर्मा एण्ड शर्मा,२०६५) ।

लिओइज एम.टरमन र टेलर (१९४२) का अनुसार वौद्धिकतामा लैङ्गिक विभेद रहेको पाइएता पनि मानसिक खुवी छुट्याउन कुनै ठोस मानवीय सूचकको वारेमा उल्लेख गरेको पाइएको छैन । उनीहरुका अनुसार छात्राहरु मौखिक समस्यामा अगाडी रहेका छन् । विश्वव्यापी रुपमा भाषिक दक्षतामा छात्राहरु अगाडी छन् भने छात्रहरु विज्ञान,गणितमा अगाडी छन् । त्यस्तै मेकानिकल सम्बन्धि कार्यमा छात्र अगाडी रहेका छन् भने छात्राहरु संवेदनशिल सोचाईमा अगाडी छन् । बालकको उमेरले मानसिक क्षमतामा फरक पार्दछ । विनेट(१९१६) ले  सामान्य वौद्धिक परीक्षणका लागि स्कटलेण्डका ५०० जना छत्र र ५०० जना छात्राको उपलब्धि परीक्षण गर्दा कुनै खास फरक पाएनन् । उनले १९२६ मा पुनः ४४४ जना छात्र र ४३० जना छात्राको उपलब्धि परीक्षण गर्दा उपलब्धिमा समानता रहेको पाए । त्यस्तै प्रकारले विनेटले १९३७ मा अंकगणितीय तर्कशास्त्रको वारेमा अध्ययन गर्दा हरेक उमेर समूहका छात्राहरु भन्दा छात्रहरुको उपलब्धि उच्च रहेको पाइयो(टर्मन एण्ड टायलर,१९४२)।

प्रसिद्ध व्यवहारवादी मनोवैज्ञानिक वी.एफ.स्कीनरको क्रियापरक सम्बन्धन सिकाइ सिद्धान्त अनुसार सिकाइमा पुनर्वलले महत्वपूर्ण प्रभाव पार्दछ । स्यावासी, पुरस्कार,प्रशंसा, धन्यवाद र पदोन्नति जस्ता सकारात्मक पुनर्वलले सिकाइ उपलब्धिमा वृद्धि गर्दछ भने दण्ड, गाली, घटुवा गर्नु, वेइज्जती गर्नु जस्ता नकारात्मक पुनर्वलले सिकाइमा वाधा उत्पन्न गर्दछ(कोइराला र श्रेष्ठ,२०६४)।

पोखरेल(२०६०)का अनुसार काठमाण्डौं जिल्लाका सामुदायिक र संस्थागत विद्यालयको विज्ञान विषयको जिल्लास्तरीय परीक्षाको तुलनात्मक अध्ययन गर्दा संस्थागत विद्यालयका विद्यार्थीहरुको उपलब्धि सामुदायिक विद्यालयका विद्यार्थीहरुको भन्दा उच्च रहेको(पोखरेल,२०६०) ।

आचार्य(२००३)का अनुसार काठमाण्डौं उपत्यकाका विज्ञान संकाय अन्तर्गत रसायनशास्त्रका विद्यार्थीहरुको र शिक्षाशास्त्र संकायका विद्यार्थीहरुको शैक्षिक उपलब्धिको

तुलनात्मक अध्ययन अनुसार रसायनशास्त्रका विद्यार्थीहरुको शैक्षिक उपलब्धि न्यून रहेको (आचार्य, २००३) ।

घिमिरे(२००२) को धनकुटा जिल्लाका कक्षा ६ मा अध्ययनरत ग्रामीण र शहरी क्षेत्रका विद्यालयका विद्यार्थीहरुको शैक्षिक उपलब्धि ५६.६८ प्रतिशत रहेको, शहरी क्षेत्रका विद्यार्थीहरुको उपलब्धि ३७.३४ प्रतिशत र ग्रामीण क्षेत्रका विद्यार्थीको उपलब्धि २५.३४ प्रतिशत रहेको(घिमिरे,२००२) ।

थापा(२०६२) बुटवल नगरपालिकाका सामुदायिक र संस्थागत विद्यालयका विद्यार्थीहरुको गणित विषयको तुलनात्मक अध्ययन अनुसार सामुदायिक विद्यालयका विद्यार्थीहरुको उपलब्धि ३३.६८ प्रतिशत र संस्थागत विद्यालयका विद्यार्थीहरुको औसत उपलब्धि ४३.६८ प्रतिशत रहेको(थापा,२०६२) ।

पौडेल(२०६५)का अनुसार सामुदायिक विद्यालयको तुलनामा निजी विद्यालयहरुको शैक्षिक उपलब्धि राम्रो रहनुमा निजी विद्यालयहरुले आफ्नो भौतिक तथा मानवीय स्रोत साधनलाई बढी भन्दा बढी उपयोग गर्नु नै हो । सामुदायिक विद्यालयले पनि आगामी दिनहरुमा आफ्नो स्रोत साधनहरुलाई सके सम्म प्रयोग गर्न शिक्षक,विद्यार्थी,अभिभावक र शैक्षिक प्रशासन निरन्तर लाग्नु पर्ने देखिन्छ । २०५९–२०६३ को ५ वर्षको सामुदायिक विद्यालयहरुको कुल उत्तीर्ण ५१ प्रतिशत र निजी तर्फ ९१ प्रतिशत विद्यार्थीहरु उत्तीर्ण हुनुले सामुदायिक विद्यालयहरुमा नेपाल सरकारले ठूलो लगानी भएर पनि प्रतिफलमा खासै सुधार हुन नसकेको तथ्य औंल्याएका छन् (पौडेल,२०६५) ।

पौडेल(२०६५) ले सामुदायिक विद्यालयले छात्र छात्राको तुलनामा संस्थागत विद्यालयका छात्रछात्राको विज्ञान विषयको उपलब्धि उच्च रहेको सामुदायिक विद्यालयको छात्र छात्राको विज्ञान विषयको उपलब्धिमा समानता रहेको सामुदायिक र संस्थागत विद्यालयको छात्रछात्राहरुको विज्ञान विषयको उपलब्धिमा भिन्नता रहेको बताएका छन् । यसै गरी विज्ञान विषयको शिक्षणमा प्रभाव पार्ने तत्वहरुमा विज्ञान प्रयोगशालाको अभाव, शैक्षिक सामाग्री प्रयोग नहुनु, प्रयोगात्मक कक्षाको छुट्टै व्यवस्था नुहुनु, एउटै कक्षामा विद्यार्थी संख्या बढी हुनु, सहायक पाठ्यपुस्तकको अभाव आदि उल्लेख गरेका छन् । (पौडेल,२०६५)

सेरिड(१९९३) संस्थागत र सामुदायिक विद्यालयको विद्यार्थीहरुको तुलनात्मक अध्ययन अनुसार मुख्य विषयहरु गणित, विज्ञान र अंग्रेजीका शैक्षिक उपलब्धि सामुदायिकको भन्दा संस्थागतको उच्च रहेको (सेरिड,१९९३) ।

काफ्ले (२०६०) का अनुसार काठमाडौ जिल्लाको सामुदायिक र संस्थागत विद्यालयको जिल्लास्तरीय परीक्षाको नेपाली विषयको उपलाब्धिको अध्ययन अनुसार छात्रहरुको औसत उपलब्धि ४०.८० प्रतिशत र छात्राहरुको औसत उपलब्धि ३६.७७ प्रतिशत रहेको (काफ्ले,२०६०) ।

अधिकारी (२००३) वुटवल नगरपालिका माध्यमिक तहका सामुदायिक र संस्थागत विधालयका विद्यार्थीहरुको शैक्षिक उपलब्धिको तुलनात्मक अध्ययन अनुसार छात्रहरुको औसत उपलब्धि छात्राहरुको औसत उपलब्धि भन्दा २.९४ प्रतिशत ले बढी रहेको (अधिकारी,२००३) ।

त्रिपाठी(२००१) काठमाण्डौं जिल्लाको सामुदायिक र संस्थागत विद्यालयका विद्यार्थीहरुको विज्ञान विषयको उपलब्धिको तुलनात्मक अध्ययन अनुसार सामुदयिक विद्यालयका छात्र–छात्राको विज्ञान विषयको उपलब्धिमा भिन्नता रहेको तर संस्थागत विद्यालयका छात्रछात्राहरुको उपलब्धिमा भिन्नता नरहेको(त्रिपाठी,२००१) ।

नेपाल पपुलेसन मनोग्राफ(२००३)का अनुसार नेपालका विद्यार्थीहरुको उत्तीर्ण दर ६९.२ प्रतिशत, कक्षा दोहाऱ्याउने दर १०.६ प्रतिशत र कक्षा छाड्ने दर १०.२ प्रतिशत रहेको(पपुलेसन मनोग्राफ,२००३) ।

शिक्षा तथा खेलकूद मन्त्रालय, परीक्षा नियन्त्रण कार्यालयका अनुसार २०५८ सालको नियमित एस.एल.सी. परीक्षामा सामुदायिक विद्यालयबाट ७४,४०८ छात्र र ४९,५५२ छात्रा गरी कुल १,२३,९६० जना सम्मिलित भएकामा १८,३४९ जना छात्र तथा ८,१३२ जना छात्रा कुल २०,४८१ जना विद्यार्थीहरु उत्तीर्ण भएका थिए । यस मध्ये छात्र तथा छात्रा क्रमशः १४.८०५ र ६.५६५ प्रतिशत गरी कुल २१.३६५ प्रतिशत विद्यार्थीहरु उत्तीर्ण भएका थिए । यसै गरी संस्थागत विद्यालयबाट १७,३८१ जना छात्र र १०,९९३ जना छात्रा गरी कुल २८,३७४ जना परीक्षामा सम्मिलित भएकामा १३,२७३ जना छात्र र ७८११ जना छात्रा गरी कुल २१,०८४ जना विद्यार्थीहरु उत्तीर्ण भएका थिए । यस मध्ये ७६.३६५ प्रतिशत छात्र तथा ७१.०६५ प्रतिशत छात्रा थिए भने परीक्षा दिएका मध्ये ७४.३१५ प्रतिशत उत्तीर्ण भएका थिए(प.नि.का.,२०५९) ।

शैक्षिक योजना(१९७१–७६) को अध्ययन अनुसार व्यवस्थापन र सुपरिवेक्षणलाई प्रभावकारी शिक्षण सिकाई वातावरणको लागि अति आवश्यक पक्ष मानिएको छ । सुपरिवेक्षक र निरीक्षकले शिक्षकहरुको कार्य सम्पादनलाई मूल्याङ्कन गर्न र आवश्यक सल्लाह तथा प्रोत्साहन प्रदान गर्नका लागि समय समयमा विद्यालय निरीक्षण गर्नुपर्छ । विद्यालयका शिक्षकहरुले विद्यालयमा राष्ट्रिय शिक्षा कार्यक्रमको समुचित र प्रभावकारी कार्यान्वयनका लागि प्रभावकारी रुपमा आफ्नो पेशागत भूमिका निर्वाह गर्नुपर्दछ ।

गुरुङ्ग(२०६०) का अनुसार शिक्षकले कक्षाकोठामा शिक्षण गर्दा भौतिक सुविधाको अभाव, विज्ञान सामाग्री र प्रयोगशालाको अभाव, शिक्षकसँग पाठ्यक्रम नहुनु, विषयगत शिक्षकको अभाव, शिक्षकलाई बढी कक्षा भार, सन्दर्भ सामाग्रीको अभाव जस्ता समस्याहरु आइपर्ने बताएका छन्(गुरुङ्ग,२०६०) ।

सेरिड(२००७) को अध्ययन अनुसार उपयुक्त लगानी र प्रतिफलको लागि शिक्षकहरुलाई आवश्यक प्रोत्साहन तथा पेशागत हौसला प्रदान गरिनु पर्दछ । शिक्षकलाई उनीहरुको तह वृद्धि तथा कार्यको दक्षता अभिवृद्धि गर्नका लागि छोटो समयको तालिमको व्यवस्था गरिनु पर्दछ र विद्यालयले कक्षाकोठाको उचित व्यवस्थापन तथा प्रयोगशालामा आवश्यक उपकरणको व्यवस्था गर्नुपर्दछ(सेरिड,२००७)।

थापा(१९८७) ले गुणात्मक शिक्षाको लागि शिक्षक तालिम विकासको निम्ति शिक्षा उल्लेख गरेका छन् । गुणस्तरीय शिक्षा प्रत्यक्ष रुपमा शिक्षण प्रक्रियासँग सम्बन्धित छ । धेरै जसो विद्यालयमा विद्यार्थीलाई विषयवस्तु पिलाउने तथा घोकाउने शिक्षण प्रक्रिया विद्यमान छ । विद्यार्थी तथा अभिभावकको विचारमा विद्यालयमा जस्तो सुकै शिक्षण क्रियाकलाप भएता पनि अध्यापन र कक्षा सञ्चालन भएकोमा नै पर्याप्त हुन्छ । यसको प्रत्यक्ष सम्बन्ध शिक्षा प्रणालीको योजना निर्माणमा पर्दछ(थापा,१९८७) ।

सेरिड(१९८१) को नेपालका विभिन्न जिल्लाको शिक्षकहरुको अध्ययन अनुसार शिक्षकले शैक्षिक सामाग्रीको अभाव, दक्ष तथा अनुभवी शिक्षकको कमी,परम्परावादी शिक्षण पद्दती,शिक्षकहरुमा पेशागत भावनाको कमी जस्ता समस्याहरु व्यहोर्नु पर्दछ(सेरिड,१९८१) ।

सेरिड(१९८९) ले गरेको संस्थागत र सामुदायिक विद्यालयको उपलब्धि तहको तुलनात्मक अध्ययनको रिपोर्ट अनुसार आधा जसो संस्थागत विद्यालयहरुमा प्रयोगशाला सुविधा उपलब्ध भएको,७० प्रतिशत संस्थागत विद्यालयको कार्यालय व्यवस्थित देखिएको, हरेक संस्थागत र ३ वटा सामुदायिक विद्यालयमा सुविधायुक्त प्रयोगशाला उपलब्ध छ,

संस्थागत विद्यालयमा गृहकार्य परीक्षण गर्ने गरिएको, कक्षा कोठा अनुशासन सामुदायिक विद्यालयमा भन्दा बढी भएको पाइन्छ, संस्थागत विद्यालयका विद्यार्थीहरुले उच्च अङ्क ल्याएको देखिएको छ । केही सामुदायिक विद्यालयमा संघ संस्थाहरुवाट उपलब्ध सामाग्रीहरु प्रयोग समेत नगरिएकाले विज्ञान सामग्रीहरु कतिपय खिया लागेको देखिन्छ(सेरिड,१९८९) ।

## २.२. सैद्धान्तिक खाका

विद्यार्थीहरुले प्राप्त गरेको सिकाइ उपलब्धिको मूल्याङ्कनका लागि डेनियल स्टफलवीमको CIPP model प्रयोग गर्न सकिन्छ । CIPP Model को नामाकरण यी मूल्याङ्कनहरुको पहिलो अक्षरवाट भएको हो । यसको संक्षेपीकृत स्वरुप निम्नानुसार छः–

C= सन्दर्भ मूल्याङ्कन (Context)

I= लगानी मूलाङ्कन (Input)


P= प्रक्रिया मूल्याङ्कन (Process)

P=उत्पादन मूल्याङ्क (Product)

CIPP Model का शुरुवातकर्ता डेनियल स्टफलवीम र इगन ग्युबा (१९७१) हुन् । यो धारणा मूल्याङ्कनका लागि ज्यादै प्रचलित छ । स्टफलवीमले नै यो धारणाको विकास गराउन प्रयास गरे । उनका अनुसार “मूल्याङ्कन एउटा प्रक्रियाको रेखात्मक रुप हो, जसले प्राप्त गरेको र उपयोगिताका निणर्यको विकल्पहरु दिने गर्दछ ।” "Evaluation is the process of delineating obtaining and providing meaningful informations for judging decision alternatives." (ज.व.रा., श्रेष्ठ, रञ्जितकार, २०६४ वाट उदृत) ।

सन्दर्भ मूल्याङ्कन (Context Evaluation) ले सम्बन्धित सन्दर्भको वारेमा मूल्याङ्कन गर्दछ । लगानी मूल्याङ्कनले शिक्षामा गरिएको लगानीको मूल्याङ्कन गर्दछ भने उपलब्धि मूल्याङ्कनले सम्पूर्ण कार्यको उपलब्धि तथा उत्पादनको मूल्याङ्कन गर्दछ । समग्रमा परिवेश, लगानी, प्रक्रिया र उत्पादन मूल्याङ्कनले क्रमशः पूर्वकार्यवाट निर्माणात्मक मूल्याङ्कन गर्न, वर्तमान कार्यको लागि निर्णयात्मक मूल्याङ्कन गर्न र मापन गर्नका साथै निर्णय दिन सहयोग पुऱ्याउँछ ।

परिवेश,लगानी,प्रक्रिया,उत्पादन मूल्याङ्कनवाट पृष्ठपोषण निर्माणात्मक मूल्याङ्कनका लागि हुन्छ भने त्यसवाट शैक्षिक कार्यक्रमको मूल्याङ्कन गर्न सहयोग पुग्दछ । यसलाई तलको तालिकाद्वारा प्रष्ट पार्ने प्रयास गरिएको छ ।




(स्रोतः ज.व.रा.,श्रेष्ठ,रञ्जितकार,२०६४ वाट उदृत) (Daniel & Guba,1971)।

**सन्दर्भ मूल्याङ्कन** : सामान्यतया सन्दर्भ मूल्याङ्कन योजना निर्धारण गर्ने उद्देश्यले गरिन्छ । कुनै पनि योजनाको औचित्य एवं आवश्यकताको निर्धारण सन्दर्भ मूल्याङ्कन अन्तर्गत पर्दछ । योजना तथा कार्य ठिक छ, छैन, सान्दर्भिक छ कि छैन, आवश्यकतासँग मेल खान्छ कि खाँदैन भनी योजना पूर्व पूर्वाधारका रुपमा गरिने मूल्याङ्कनलाई सन्दर्भ मूल्याङ्कन भनिन्छ । यस अन्र्तगत गरिने निर्णयहरु– सन्दर्भ ठिक छ छैन निर्णय लिनु, योजनाको निर्णय लिनु, योजनाको उपयुक्तताको निर्णय लिनु, शैक्षिक उद्देश्यको निर्धारणमा सहयोग पुऱ्याउनु, योजना वा कार्यक्रमको उपादेयता, आवश्यकतावोध गर्नु, योजनाको व्यवहारिकता र प्रमाणिकताका वारेमा धारणा बसाल्नु ।

**लगानी मूल्याङ्कन** : कुनै पनि सञ्चालन गर्न आवश्यक पर्ने भौतिक सुविधा, साधन र स्रोतहरु के कति मात्रामा उपलब्ध भयो त्यसको मूल्याङ्कन गर्ने प्रक्रियालाई लगानी मूल्याङ्कन भनिन्छ । भौतिक साधन र स्रोत, शिक्षक, विद्यार्थी, पाठ्यक्रम, तालिम, शैक्षिक सामाग्री आदि कार्यक्रम सञ्चालनको आधारभूत लगानी हो । लगानीको प्रभावकारिता शैक्षिक उपलब्धिमा निर्भर गर्ने भएकोले योजना सञ्चालनको लागि आवश्यक पर्ने साधन र स्रोत संख्यात्मक एवं गुणात्मक रुपमा तर्जुमा गर्न लगानी मूल्याङ्कन आवश्यक छ । यस अन्तर्गत विषयगत योग्य, दक्ष, तालिम प्राप्त शिक्षकहरु पर्याप्त छन छैनन्, भौतिक सुविधाहरुको

समुचित व्यवस्था छ छैन, विषय एवं पाठ्यपुस्तक अनुसार शैक्षिक सामाग्री उपलब्ध छन् छैनन्, विद्यार्थीहरु कार्यक्रममा संलग्न एवं सहभागी छन् छैनन्, पाठ्यपुस्तक, पाठ्यक्रम, शिक्षण प्रक्रिया अभिरुचिपूर्ण छन् छैनन्, योजना, प्रशासकीय व्यवस्था संचालन, आर्थिक स्रोतको व्यवस्था छ छैन आदि निर्णयहरु लिइन्छ ।

**प्रक्रिया मूल्याङ्कन** : समुचित लगानी अनुरुप कार्यक्रमको प्रभावकारिता कार्यान्वयन गर्न निरन्तर गरिने मूल्याङ्कनलाई प्रक्रिया मूल्याङ्कन भनिन्छ । कुनै पनि योजनामा गरिएको लगानीलाई अधिकतम उपलब्धि हासिल हुने गरी कार्यान्वयन गर्ने प्रक्रिया मूल्याङ्कनको महत्वपूर्ण पक्ष हो । यसरी प्रक्रिया मूल्याङ्कन सञ्चालन वा कार्यान्वयन पक्षमा केन्द्रित रहन्छ । कार्यक्रममा आउने त्रुटि पत्ता लगाई तत्काल सुधार गर्ने अवसर प्रदान गर्दछ । प्रक्रिया मूल्याङ्कन अन्तर्गत निर्धारित कक्षा व्यवस्थापन या शैक्षिक प्रबन्ध, निर्धारित विषयगत उपलब्धि भएको छ छैन, शिक्षण विधि, शिक्षण क्रियाकलाप, शैक्षिक सामग्री उपयुक्त, व्यवहारिक, सुहाउँदो, उद्देश्यमूलक छ छैन, शिक्षण क्रियाकलापमा विद्यार्थी सहभागिता छ छैन, हेरचाह, निर्देशनात्मक एवं सुपरिवेक्षणात्मक कार्यको जाँच भएको छ छैन, कार्यक्रम सुधारको आयोजना नीति,कार्यक्रम, उचित शैक्षिक प्रशासन र व्यवस्थापनको कार्यान्वयन भएको छ छैन, भौतिक स्रोत साधनको पर्याप्तता,उचित व्यवस्थापन, उचित उपयोग भएको छ छैन, शिक्षक विद्यार्थी वीचको प्रभावकारी सम्बन्ध एवं अन्तर्क्रिया भएको छ छैन आदि कुराहरुको निर्णय लिइन्छ ।

**कार्यक्रमको प्रभावकारिता वा उपलब्धि मूल्याङ्कन** : कार्यक्रम के कति सफल भयो त्यसको लेखाजोखा गर्ने प्रक्रियालाई उपलब्धि मूल्याङ्कन भनिन्छ । शैक्षिक सत्रको अन्तमा शैक्षिक संस्थाले प्राप्त गरेको उपलब्धिको सही लेखाजोखा गर्न आवश्यक हुन्छ । विद्यालय स्तरको शैक्षिक उपलब्धिको मूल्याङ्कन आन्तरिक एवं वाह्य दुवै मूल्याङ्कनको तरिका अपनाई गर्न सकिन्छ । कार्यक्रम, लगानी, प्रक्रिया मूल्याङ्कन पश्चात उपलब्धि मूल्याङ्कन गरिन्छ । उपलब्धि मूल्याङ्कन अन्तर्गत दक्ष एवं पूर्ण उत्पादन लेखाजोखा गर्ने, असफल हुने विद्यार्थीको लेखाजोखा गरी कारण पत्ता लगाउने र उपचारको वाटो खोज्नु, विद्यालयवाट निष्कासित विद्यार्थीको अभिलेख राख्नु र उपचारको उपाय खोज्नु, विद्यार्थीको स्तर निर्धारण गर्नु, कक्षागत, तहगत, विषगत उपलब्धि पत्ता लगाउनु, शैक्षिक लगानी र उत्पादनको अनुपात केलाइ आगामी कार्यक्रममा सुधार गर्दै लैजानु, सम्पूर्ण कार्यक्रमको उपलब्धि मूल्याङ्कन गर्नु,

सम्पूर्ण विषयका नतिजा लेखाजोखा गर्नु आदि निर्णयहरु गरिन्छन् (ज.व.रा., श्रेष्ठ, र रञ्जितकार २०६४ बाट उद्दृत) ।

यसरी शिक्षाको लगानीलाई सन्दर्भ, लगानी, प्रक्रिया, मूल्याङ्कन(CIPP)को रुपमा लिइएको छ । जसको फलस्वरुप विद्यालयमा लगानी मात्र गरेर हुँदैन, त्यसको प्रभावकारी रुपमा कार्यान्वयन भयो भने मात्र उत्पादन पनि प्रभावकारी रुपमा हुन्छ । त्यसैले यस अध्ययनलाई मूल्याङ्कनका लागि स्टफलवीमको सिद्धान्तसँग सम्बन्धित गरी अध्ययन गरिएको छ ।

## २.३ शैक्षिक उपादेयता

कुनै पनि समस्यालाई समयमै त्यसको कारण पत्ता लगाई त्यसको उचित समाधान गर्न सकिएन भने शिक्षामा गरिएको लगानी खेर जानुका साथै त्यसमा संलग्न व्यक्तिको जीवनलाई समेत नकारात्मक प्रभाव पर्ने हुन्छ । यस अध्ययनले इलाम जिल्ला अन्तर्गत करफोक स्रोत केन्द्र भित्रका सामुदायिक र संस्थागत विद्यालयमा कक्षा आठमा अध्ययनरत विद्यार्थीहरुको सिकाइ उपलब्धिमा देखिएको कमी कमजोरीहरु औंल्याएर त्यसको निदानका उपायहरु खोजी गर्ने प्रयास गरिएको छ । यदि यो कार्य समयमा गरिएन भने यसले ती विद्यार्थीहरुको उच्च शिक्षामा प्रभाव पार्दछ । कक्षा आठको अन्त्यमा लिइने वार्षिक परीक्षा जिल्ला स्तरीय हुने भएकाले यस परीक्षामा उत्तीर्ण हुन नसक्दा विद्यार्थीहरुमा निराशा उत्पन्न हुन पुग्दछ र पटक पटक अनुत्तीर्ण हुँदा पढाइ नै छोड्दछन् । यसले एकातिर कक्षा छाड्ने दर वढ्न जान्छ भने अर्कातिर त्यस्ता विद्यार्थीहरु उच्च शिक्षाबाट समेत वञ्चित हुन पुग्दछन् र राज्यले शिक्षामा गरेको लगानी अनुरुप प्रतिफल प्राप्त हुनमा बाधा पर्न जान्छ ।

यसरी जिल्लास्तरीय परीक्षा प्रणाली एवं सामुदायिक र संस्थागत विद्यालयका विद्यार्थीहरुको सिकाइ उपलब्धिको विश्लेषणसँग सम्बन्धित साहित्यको पुनरावलोकनले के देखाउँछ भने कक्षा आठमा आइपुग्ने विद्यार्थी तल्लो कक्षावाट नै कमजोर हुने गर्दछन् । शैक्षिक सामग्रीको अभाव, दक्ष तथा तालिम प्राप्त, अनुभवी शिक्षकको कमी, परम्परावादी शिक्षण पद्धति, शिक्षकहरुमा पेशागत भावनाको कमी, कमजोर शैक्षिक प्रशासन, सुविधायुक्त प्रयोगशाला, पुस्तकालय, खेलमैदान आदि भौतिक सुविधाको अभाव, शिक्षक विद्यार्थी नियमितता कम हुनु, पठनपाठन राम्रो नहुनु, गृहकार्य नभ्याउने, घरमा पढ्ने वातावरण नहुनु, कमजोर विद्यालय अनुशासन जस्ता कुराहरुले सामुदायिक विद्यालयको कमजोर सिकाइ उपलब्धि प्राप्त भएको कुराहरु आएका छन् । संस्थागत विद्यालयमा कम विद्यार्थी

संख्या, नियमित पठनपाठन र व्यवस्थित विद्यालय प्रशासन हुनु, सचेत एवं आर्थिक रुपमा सक्षम अभिभावक हुनु, विद्यार्थी मूल्याङ्कन निरन्तर रुपमा हुनु, कोचिङ कक्षाहरु संचालन हुनु, प्रारम्भिक कक्षाहरुवाट नै अंग्रेजी माध्यममा पढाई हुनु आदि कारणहरुले सामुदायिक विद्यालयको तुलनामा उपलब्धि राम्रो रहेको जानकारी प्राप्त भएको छ ।

यी कुराहरुको शोधकर्ताद्वारा वास्तविक अनुसन्धान गरी यस करफोक स्रोत केन्द्र अन्तर्गतका विद्यालयहरुका सम्पूर्ण सरोकारवालाहरुलाई मात्र होइन अन्य निम्न माध्यमिक, माध्यमिक तहमा कार्यरत शिक्षक, अभिभावक र शिक्षा सम्बन्धि सम्पूर्ण वर्गलाई सहयोग पुऱ्याउला भन्ने अठोटका साथ आशा लिइएको छ । यस स्रोत केन्द्रको जिल्ला स्तरीय परीक्षामा सिकाइ उपलब्धि यस पूर्वका शोध कर्ताहरु संग तुलना गर्दा न्यून भएको देखिन्छ । प्रश्नपत्र निर्माण र परीक्षा सञ्चालन, विषयगत शिक्षकहरुको सक्षमता विकास गर्न तालिमको आवश्यकता, समय सापेक्ष पाठ्यक्रम, पाठ्यपुस्तक, शिक्षणविधि, सामग्री र मूल्याङ्कनका सम्बन्धमा विषय शिक्षकलाई तालिम, सामुदायिक र संस्थागत विद्यालयको सिकाइ उपलब्धिको अन्तर र व्यवस्थापन पक्षले शैक्षिक उपलब्धिमा पार्ने प्रभाव जस्ता कुराहरु पत्ता लगाउन प्रयास गरी विद्यार्थी मूल्याङ्कनलाई प्रभावकारी ढंगले परिचालन गर्नको लागि सम्बन्धित क्षेत्रमा कार्य गर्ने सबै पक्षलाई सहयोग पुऱ्याउनु यस अध्ययनको शैक्षिक उपादेयता रहेको छ ।

# परिच्छेदः तीन

# अध्ययन विधि

## ३.१ अनुसन्धानात्मक ढाँचा

यो अध्ययन खास गरी कक्षा ८ को जिल्ला स्तरीय परीक्षा प्रणाली एवं सामुदायिक र संस्थागत विद्यालयका विद्यार्थीहरुको सिकाइ उपलब्धिको तुलनात्मक अध्ययन एवं विश्लेषणसंग सम्बन्धित छ । यो अध्ययनमा कक्षा ८ को जिल्ला स्तरीय परीक्षामा सामुदायिक र संस्थागत विद्यालयको इलाम जिल्ला अन्तर्गत करफोक स्रोत केन्द्र भित्रका विद्यार्थीहरुको २०६३,२०६४,२०६५ र २०६६ को सिकाइ उपलब्धिको तुलनात्मक अध्ययन एवं विश्लेषण गरिएको छ । यस अध्ययनलाई उचित निष्कर्षमा पुर्‍याउन गुणात्मक एवं परिमाणात्मक अनुसन्धान विधि प्रयोग गरी वर्णानात्मक विधिद्वारा प्रस्तुत गरिएको छ ।

## ३.२ तथ्याङ्क संकलन प्रक्रिया

### ३.२.१ जनसंख्या

पूर्वमा भारत एवं  उत्तर तथा दक्षिणमा क्रमशः पाँचथर र झापा जिल्लासंग सीमाना जोडिएको यस जिल्लामा ४८ वटा गा.वि.स.हरु रहेका छन् । यस अध्ययनले नेपाल भरिको जिल्लास्तरीय परीक्षा प्रणाली एवं संस्थागत र सामुदायिक विद्यालयका विद्यार्थीहरुको जिल्ला स्तरीय परीक्षाको सिकाइ उपलब्धिको विश्लेषण एवं तुलनात्मक अध्ययन गर्न खोजेता पनि समय, साधन र श्रोतको कमीले गर्दा इलाम जिल्लालाई  मात्र लिइएको छ । यस जिल्लामा ४४२ सामुदायिक र ११७ संस्थागत गरी जम्मा ५५३ वटा विद्यालयहरु संचालित छन् । यी सबै विद्यालयहरुको अध्ययन गर्न आर्थिक एवं प्राविधिक कारणले गर्दा असमर्थ हुने भएकाले यस अध्ययनलाई अगाडी बढाउन इलाम जिल्ला अन्तर्गत करफोक स्रोत केन्द्र भित्रका २०६३,२०६४,२०६५ र २०६६ सालमा जिल्ला स्तरीय परीक्षामा संलग्न भएका तीन तीन वटा सामुदायिक र संस्थागत विद्यालयका विद्यार्थीहरु, शिक्षकहरु, स्रोत केन्द्र भित्रका सम्पूर्ण सामुदायिक र संस्थागत, नि.मा.वि., मा.वि. र उच्च मा.वि.तहका प्र.अ., वि.नि., वि.व्य.स., शि.अ.संघका पदाधिकारीहरुलाई कुल जनसंख्याको रुपमा लिइएको छ ।

### ३.२.२ नमूनाको आकार

यस अध्ययनको लागि इलाम जिल्लामा संचालित सामुदायिक तथा संस्थागत विद्यालयहरुलाई आकारको रुपमा लिइएको छ । सामुदायिक र संस्थागत विद्यालयका विद्यार्थीहरुको जिल्लास्तरीय परीक्षामा प्राप्त सिकाइ उपलब्धिको तुलनात्मक अध्ययन एवं

विश्लेषण गर्न इलाम जिल्ला भरीका १४ वटा स्रोत केन्द्र मध्ये करफोक स्रोत केन्द्रलाई छनोट गरिएको छ । सीमित स्रोत, साधन, समय र आर्थिक एवं प्राविधिक कारणले गर्दा यस स्रोत केन्द्र अन्तर्गत कक्षा १-८, १–१० र १-१२, सञ्चालन भइरहेका सामुदायिक र संस्थागत तर्फका क्रमशः ६ वटा र ७ वटा विद्यालयहरु मध्ये-३/३ वटा विद्यालयहरु तथा छनोटमा परेका प्रत्येक विद्यालयहरुवाट २/२ जनाको दरले ६/६ जना शिक्षक,विद्यार्थी,अभिभावकहरु छनोट गरिएका छन् ।

### ३.२.३. नमूना छनोटको विधि

सामुदायिक र संस्थागत विद्यालयका विद्यार्थीहरुको जिल्लास्तरीय परीक्षामा प्राप्त सिकाइ उपलब्धिको तुलनात्मक अध्ययन एवं विश्लेषण गर्न उद्देश्यमूलक नमूना छनोट विधिको आधारमा करफोक स्रोत केन्द्रलाई छनोट गरिएको छ । यस स्रोत केन्द्र अन्तर्गत निम्न माध्यमिक तह कक्षा आठ संचालन भएका ७ वटा सामुदायिक विद्यालयहरु मध्ये सामान्य सम्भावनायुक्त नमूना छनोट विधिद्वारा ३ वटा विद्यालयहरु छनोट गरिएका छन् भने संस्थागत विद्यालय तर्फ विगत ३ वर्ष देखि जिल्लास्तरीय परीक्षामा समावेश भएका ३ वटै विद्यालय स्वतः छनोटमा परेका छन् ।

### ३.२.४. नमूना छनोटको आधार

यस अध्ययनलाई पुरा गर्नका लागि अनुसन्धानकर्ताद्वारा आफ्नो पूर्व ज्ञान र अनुभवको आधारमा उद्देश्यमूलक नमूना छनोट विधि एवं सामान्य सम्भावनायुक्त छनोट विधि प्रयोग गरिएको छ । अध्ययनको उद्देश्य एवं आवश्यकता अनुसार नमूना छनोट गरी निष्कर्षमा पुग्न प्रचलित रहेका उल्लेखित विधिहरुद्वारा नमूना छनोट गर्न सजिलो भएकोले यिनलाई नमूना छनोटको आधार मानिएको हो । छनोट गरिएको विद्यालयहरुको स्थलगत अध्ययनको लागि अनुसन्धानकर्ताको सिमित स्रोत,साधन, समय र आर्थिक एवं प्राविधिक कारणवाट अनुकूल भएकोले तथा यस पूर्व यस प्रकारको विश्लेषणात्मक एवं तुलनात्मक अध्ययन नभएकाले पनि इलाम जिल्लालाई नमूना छनोटको रुपमा लिइएको हो ।

## ३.३. अनुसन्धानका साधनहरु

अनुसन्धानलाई उद्देश्य अनुरुप निष्कर्षमा पुऱ्याउन साधनहरुको निर्माण गर्नुपर्ने हुन्छ । शिक्षक,विद्यार्थी,प्रधानाध्यापक, विद्यालय निरीक्षक,वि.व्य.स.,शि.अ.संघ र गाउँ शिक्षा समितिका पदाधिकारीहरुका लागि पाठ्यक्रम, पाठ्पुस्तक,विद्यार्थीको उपलब्धि,प्रयोगशाला, पुस्तकालय,शिक्षक तालिम, विद्यार्थी संख्या, शैक्षिक सामग्री निर्माण र प्रयोग, विद्यार्थी

अनुशासन,विद्यालयको भौतिक अवस्था, नियमितता, शिक्षक र प्र.अ.को मित्रवत व्यवहार,संस्थागत र सामुदायिक विद्यालयको भिन्नता, शिक्षा प्रति अभिभावकहरुको चासो, सहभागिता, पहुँच आदि विषय वस्तुहरु समावेश गरी अध्ययनको आवश्यकता अनुसार प्रश्नावलीका अतिरिक्त अन्य साधनहरु जस्तैःअर्न्तवार्ता, प्रत्यक्ष भेटघाट आदिलाई प्रयोग गरिएको छ ।

## ३.४ तथ्याङ्कको श्रोत

### ३.४.१ प्राथमिक श्रोतहरु

छनोट गरिएका विद्यालयमा स्थलगत भ्रमण गरेर विद्यार्थी संख्या, विद्यार्थीको उपलब्धि, शैक्षिक सामग्री निर्माण र प्रयोग,विद्यालयको भौतिक अवस्था आदि सम्बन्धि तथ्याङ्क संकलन गरिएको छ । छनोट भएका विद्यालयका शिक्षक, अभिभावक र विद्यार्थीसंग प्रत्यक्ष अन्तरवार्ता तथा प्रश्नावलीहरु प्रयोग गरिएका छन् । छनोट भएका विद्यालयका प्र.अ., वि.व्य.स., शि.अ.संघ. र गाउँ शिक्षा समितिका पदाधिकारीहरुसंग प्रत्यक्ष भेटघाट,छलफल, कुराकानी तथा प्रश्नावलीहरु प्रयोग गरिएका छन् ।

### ३.४.२ द्वितीय श्रोतहरु

जिल्ला शिक्षा कार्यालय इलामबाट जिल्ला भरिको २०६३ देखि २०६६ साल सम्मको कक्षा ८ को जिल्ला स्तरीय परीक्षाको नतिजा सम्बन्धी तथ्याङ्क लिइएको छ । छनोट भएका विद्यालयहरुबाट ०६३ देखि ०६६ सालसम्मको ४ वर्षको जिल्ला स्तरीय परीक्षामा विद्यार्थीहरुले प्राप्त गरेको उपलब्धिको समष्टिगत लब्धाङ्क विवरणहरु लिइएका छन् । यसका अतिरिक्त अन्य आवश्यक सन्दर्भ सामाग्रीहरु उपयोग गरिएका छन् ।

## ३.५ तथ्याङ्कको प्रस्तुति, विश्लेषण र व्याख्या

जिल्लास्तरीय परीक्षा प्रणाली एवं सामुदायिक र संस्थागत विद्यालयका विद्यार्थीहरुको जिल्लास्तरीय परीक्षामा प्राप्त सिकाइ उपलब्धिको विश्लेषण एवं तुलनात्मक अध्ययन गर्ने सिलसिलामा प्राप्त भएका प्राथमिक र द्वितीय तथ्याङ्कहरुलाई गुणात्मक र व्याख्यात्मक रुपबाट विश्लेषण गरी परिमाणात्मक रुपमा संकलन हुन आएका तथ्याङ्कलाई तथ्याङ्कशास्त्रीय रुपमा विश्लेषण गरिएको छ । जसका लागि तालिका, चार्ट, स्तम्भ चित्र,वृत्त चित्र आदि उययोग गरिएका छन् ।

# परिच्छेद : चार

# तथ्याङ्कको विश्लेषण र व्याख्या

यस अध्ययनको उद्देश्य इलाम जिल्लाको जिल्लास्तरीय परीक्षा प्रणालीको अवस्था पहिचान गर्ने, सामुदायिक र संस्थागत विद्यालयका विद्यार्थीहरुको सिकाइ उपलब्धिको तुलनात्मक अध्ययन गर्नु, विद्यार्थीको सिकाइ उपलब्धिलाई प्रभाव पार्ने कारक तत्वहरुको विश्लेषण गर्ने र समस्या समाधानको उपायहरु खोजी गर्नु हो । यिनै उद्देश्यहरु हासिल गर्नका लागि छनोटमा परेका सामुदायिक तर्फका तीनवटा र संस्थागत तर्फका तीनवटा विद्यालयहरुको तथ्याङ्कको विश्लेषण र व्याख्या गरिएको छ ।

## ४.१ छनोटमा परेका तीन वटा सामुदायिक विद्यालयहरुको तालिका, प्रस्तुति र विश्लेषण

### तालिका नं. १

**श्री करफोक विद्यामन्दिर उ.मा.वि.बाट २०६३–०६६ सम्मको जिल्लास्तरीय परीक्षाको परीक्षाफल**

| क्र. सं. | शैक्षिक सत्र | भर्ना भएका विद्यार्थी संख्या | | | परीक्षामा समावेश विद्यार्थी | | | अनुपस्थित | | | उत्तीर्ण | | | अनुत्तीर्ण | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | छात्र | छात्रा | जम्मा | छात्र | छात्रा | जम्मा | छात्र | छात्रा | जम्मा | छात्र | छात्रा | जम्मा | छात्र | छात्रा | जम्मा |
| १ | २०६३ | ३७ | ४९ | ८६ | २६ | ४६ | ७२ | ११ | ३ | १४ | २० | ३२ | ५२ | ६ | १४ | २० |
| २ | २०६४ | ८३ | ८९ | १७२ | ७५ | ८२ | १५७ | ८ | ७ | १५ | ६१ | ७० | १३१ | १४ | १२ | २६ |
| ३ | २०६५ | ७४ | ७३ | १४७ | ७३ | ७३ | १४६ | १ | – | १ | ३७ | ५४ | ९१ | ३६ | १९ | ५५ |
| ४ | २०६६ | ४८ | ४० | ८८ | ४७ | ३३ | ८० | १ | ७ | ८ | १७ | १३ | ३० | ३० | २० | ५० |
| | जम्मा | २४२ | २५१ | ४९३ | २२१ | २३४ | ४५५ | २१ | १७ | ३८ | १३५ | १६९ | ३०४ | ८६ | ६५ | १५१ |

स्रोत : स्थलगत अध्ययन, २०६७ ।

प्रस्तुत तालिका अनुसार चार वर्ष सम्मको जिल्ला स्तरीय परीक्षाको नतिजा हेर्दा भर्ना भएका २४२ छात्र र २५१ जना छात्रा गरी जम्मा ४९३ जना विद्यार्थीहरु मध्ये छात्र २२१ र छात्रा २३४ गरी ४५५ ले परीक्षा दिएका थिए । परीक्षा दिएका विद्यार्थीहरु मध्ये १३५ छात्र र १६९ छात्रा गरी जम्मा ३०४ जना विद्यार्थी उत्तीर्ण भएको देखिन्छ । चार वर्षको औसत उत्तीर्ण हेर्दा ६३.८६ प्रतिशत छात्रा उत्तीर्ण देखिन्छ । पछिल्लो समयमा आएर छात्र छात्रा दुवैको उत्तीर्ण प्रतिशत न्यून रहेको देखिन्छ ।

## तालिका नं. २

### श्री फिक्कल उ.मा.वि.वाट २०६३–२०६६ सम्मको जिल्ला स्तरीय परीक्षाको परीक्षाफल

| क्र. सं. | शैक्षिक सत्र | भर्ना भएका विद्यार्थी संख्या | | | परीक्षामा समावेश विद्यार्थी | | | अनुपस्थित | | | उत्तीर्ण | | | अनुत्तीर्ण | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | छात्र | छात्रा | जम्मा | छात्र | छात्रा | जम्मा | छात्र | छात्रा | जम्मा | छात्र | छात्रा | जम्मा | छात्र | छात्रा | जम्मा |
| १ | २०६३ | ८५ | १३० | २१५ | ८४ | १२६ | २१० | १ | ४ | ५ | ५९ | ९६ | १५५ | २५ | ३० | ५५ |
| २ | २०६४ | १०७ | १२१ | २२८ | १०७ | १२१ | २२८ | – | – | – | ७२ | ८७ | १५८ | ३५ | ३५ | ७० |
| ३ | २०६५ | ९९ | ११२ | २११ | ९६ | १११ | २०७ | ३ | १ | ४ | ३० | ३७ | ६७ | ६६ | ७४ | १४० |
| ४ | २०६६ | ७६ | १०० | १७६ | ७४ | ९९ | १७३ | २ | १ | ३ | ४२ | १०४ | १०४ | ३२ | ३७ | ६९ |
| | जम्मा | ३६७ | ४६३ | ८३० | ३६१ | ४५७ | | ६ | ६ | १२ | २०३ | ४८४ | ४८४ | १५८ | १७६ | ३३४ |

स्रोत : स्थलगत अध्ययन, २०६७।

यसै गरी उल्लेखित तालिकाको विश्लेषण गर्दा विगत चार वर्षमा ३६७ छात्र र ४६३ छात्रा गरी जम्मा ८३० जना विद्यार्थीहरु श्री फिक्कल उ.मा.वि.मा भर्ना भएकामा ३६१ छात्र र ४५७ छात्रा गरी जम्मा ८१८ जना विद्यार्थीहरु जिल्ला स्तरीय परीक्षामा समावेश भएका थिए। जस मध्ये २०३ छात्र र २८२ छात्रा गरी ४८४ जना उत्तीर्ण भएको देखिन्छ। परीक्षा दिएका छात्राहरु मध्ये ६१.७० प्रतिशत र छात्रहरु मध्ये ५६.२३ प्रतिशत विद्यार्थी उत्तीर्ण देखिन्छ। यसरी हेर्दा छात्राहरुको तुलनामा छात्रहरुको उत्तीर्ण दर न्यून देखिन्छ। यस विद्यालयको विगत चार वर्षको औषत उत्तीर्ण ५८.८९ प्रतिशत,छात्रहरु र छात्राहरुको औसत उत्तीर्ण क्रमशः ५६.५४ प्रतिशत र ६१.०१ प्रतिशत रहेको छ।

## तालिका नं.३

### श्री कृष्णाश्रम उच्च मा.वि.वाट २०६३–२०६६ सम्मको जिल्ला स्तरीय परीक्षाको परीक्षाफल

| क्र. सं. | शैक्षिक सत्र | भर्ना भएका विद्यार्थी संख्या | | | परीक्षामा समावेश विद्यार्थी | | | अनुपस्थित | | | उत्तीर्ण | | | अनुत्तीर्ण | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | छात्र | छात्रा | जम्मा | छात्र | छात्रा | जम्मा | छात्र | छात्रा | जम्मा | छात्र | छात्रा | जम्मा | छात्र | छात्रा | जम्मा |
| १ | २०६३ | ६० | ७८ | १३८ | ५९ | ७७ | १३६ | १ | १ | २ | ४७ | ६१ | १०७ | १२ | १६ | २८ |
| २ | २०६४ | ७६ | ९० | १६६ | ७२ | ८८ | १६० | ४ | २ | ६ | ६२ | ७७ | १३९ | १० | ११ | २१ |
| ३ | २०६५ | ५७ | ६५ | १२२ | ५५ | ६५ | १२० | २ | – | २ | ३५ | ५० | ८५ | २० | १५ | ३५ |
| ४ | २०६६ | ५३ | ६७ | १२० | ५० | ६७ | ११७ | ३ | – | ३ | २९ | ३९ | ६८ | २१ | २८ | ४९ |
| | जम्मा | २४६ | ३०० | ५४६ | २३६ | २९७ | ५३३ | १० | ३ | १३ | १७३ | २२७ | ३९९ | ६३ | ७० | १३३ |

स्रोत : स्थलगत अध्ययन, २०६७।

माथि प्रस्तुत तालिका अनुसार विश्लेषण गर्दा श्री कृष्णाश्रम उ.मा.वि.मा विगत चार वर्षको अवधिमा छात्र २४६ जना र छात्रा ३०० जना जम्मा ५४६ जना भर्ना भएका थिए।

जस मध्ये २३६ जना छात्र र २९७ जना छात्रा गरी जम्मा ५३३ जना जिल्ला स्तरीय परीक्षामा समावेश भएकोमा १७३ जना छात्र र २२७ छात्रा उत्तीर्ण भएका थिए । परीक्षा दिएका छात्रहरु मध्ये ७३.३० प्रतिशत र छात्राहरु मध्ये ७६.४३ प्रतिशत विद्यार्थी उत्तीर्ण देखिन्छ । ग्रामिण क्षेत्रमा रहेको यस विद्यालयको नतिजा अन्य विद्यालयसंग तुलना गर्दा अपेक्षाकृत राम्रो देखिन्छ । त्यस विद्यालयको विगत चार वर्षको औसत उत्तीर्ण दर ७३.६३ प्रतिशत,छात्रहरु र छात्राहरुको औसत उत्तीर्ण क्रमशः ७१.८५ प्रतिशत र ७५.४६ प्रतिशत रहेको देखिन्छ ।

माथि प्रस्तुत तीन वटै सामुदायिक विद्यालयहरुको विगत चार वर्षको जिल्ला स्तरीय परीक्षाको उपलब्धिलाई तलको समष्टिगत तालिका तथा स्तम्भ चित्रमा प्रस्तुत गरिएको छ ।

## तालिका नं. ४

### सामुदायिक विद्यालयको जिल्ला स्तरीय परीक्षा (२०६३–२०६६)को समष्टिगत उपलब्धि


| क्र. सं. | विद्यालयको नाम | भर्ना भएका जम्मा विद्यार्थी संख्या | | | परीक्षामा समावेश विद्यार्थी | | | उत्तीर्ण संख्या | | | अनुत्तीर्ण संख्या | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | छात्र | छात्रा | जम्मा | छात्र | छात्रा | जम्मा | छात्र | छात्रा | जम्मा | छात्र | छात्रा | जम्मा |
| १ | श्री करफोक वि.म.उ.मा.वि. | २४२ | २५१ | ४९३ | २२१ | २३४ | ४५५ | १३५ | १६९ | ३०४ | ८६ | ६५ | १५१ |
| २ | श्री फिक्कल उ.मा.वि. | ३६७ | ४६३ | ८३० | ३६१ | ४५७ | ८१८ | २०३ | २८२ | ४८४ | १५८ | १७६ | ३३४ |
| ३ | श्री कृष्णाश्रम उ.मा.वि. | २४६ | ३०० | ५४६ | २३६ | २९७ | ५३३ | १७३ | २२७ | ३९९ | ६३ | ७० | १३३ |
| | | ८५५ | १०१४ | १८६९ | ८१८ | ९८८ | १८०६ | ५११ | ६७८ | ११८७ | ३०७ | ३११ | ६१८ |

स्रोत : स्थलगत अध्ययन, २०६७ ।

शैक्षिक सत्र २०६३ देखि २०६६ सम्मको अवधि ३ वटा सामुदायिक विद्यालयहरुवाट १८०६ जना विद्यार्थीले जिल्ला स्तरीय परीक्षा दिएकोमा ११८७ जना उत्तीर्ण र ६१८ जना अनुत्तीर्ण भएको तथ्य माथिको तालिकाले प्रष्ट्याएको छ । परीक्षामा समावेश ८१८ छात्र मध्ये ६२.४७ प्रतिशत उत्तीर्ण र ३७.५३ प्रतिशत अनुत्तीर्ण देखिन्छन् । यसैगरी गरी परीक्षा दिएका ९८८ छात्राहरु मध्ये ६८.६२ प्रतिशत उत्तीर्ण र ३१.३८ प्रतिशत छात्राहरु अनुत्तीर्ण देखिन्छन् । यस तथ्यलाई तलको स्तम्भ चित्र एवं वृत्तचित्रद्वारा पनि प्रष्ट्याइएको छ ।

**चित्र नं.१**

**सामुदायिक विद्यालयको जिल्लास्तरीय परीक्षाको उपलब्धि (२०६३–२०६६)**





स्रोतः छनोटमा परेका विद्यालयहरु


**चित्र नं. २**

**सामुदायिक विद्यालयहरुको जिल्लास्तरीय परीक्षाको उपलब्धि (२०६३–२०६६), बृत्तचित्रमा**

(क) **सामुदायिक विद्यालयहरुको जिल्लास्तरीय परीक्षा(२०६३–२०६६) मा उत्तीर्ण/अनुत्तीर्ण विद्यार्थी**




(ख) **सामुदायिक विद्यालयहरुको जिल्लास्तरीय परीक्षा(२०६३–२०६६) मा छात्र/छात्राको उपलब्धि**




स्रोतः छनोटमा परेका विद्यालयहरु

माथि प्रस्तुत विभिन्न तालिका तथा चित्रहरुमा सामुदायिक विद्यालयहरुको विगत चार वर्ष देखि जिल्ला स्तरीय परीक्षामा प्राप्त उपलब्धिलाई विश्लेषण गरी उत्तीर्ण, अनुत्तीर्ण र अनुपस्थित प्रतिशतको प्रवृत्तिलाई तलको तालिकामा देखाइएको छ ।

## तालिका नं. ५

## सामुदायिक विद्यालयको जिल्लास्तरीय परीक्षा(२०६३–२०६६)को उत्तीर्ण/ अनुत्तीर्ण/ अनुपस्थित प्रतिशत

| क्र. सं. | विद्यालय | श्री करफोक वि.म.उ.मा.वि. | | | श्री फिक्कल उ.मा.वि. | | | श्री कष्णाश्रम उ.मा.वि. | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | शैक्षिक सत्र | उत्तीर्ण प्रतिशत | अनुत्तीर्ण प्रतिशत | अनुपस्थित प्रतिशत | उत्तीर्ण प्रतिशत | अनुत्तीर्ण प्रतिशत | अनुपस्थित प्रतिशत | उत्तीर्ण प्रतिशत | अनुत्तीर्ण प्रतिशत | अनुपस्थित प्रतिशत |
| १ | २०६३ | ७२.२२ | २७.७८ | १६.२८ | ७३.८० | २६.२० | २.३३ | ७८.६८ | २१.३२ | १.४५ |
| २ | २०६४ | ८३.४३ | १६.५७ | ८.७२ | ६९.२९ | ३०.७१ | – | ८६.८८ | १३.१२ | ३.६१ |
| ३ | २०६५ | ६२.३२ | ३७.६८ | ०.६८ | ३२.३६ | ६७.६४ | १.९० | ७०.८३ | २९.१७ | १.६४ |
| ४ | २०६६ | ३७.५० | ६२.५० | ९.०९ | ६०.११ | ३९.८९ | १.७० | ५८.११ | ४१.८९ | २.५ |
| चार वर्षको औसत | | **६३.८७** | **३६.१३** | **८.६९** | **५८.८९** | **४१.११** | **१.४८** | **७३.६३** | **२६.३७** | **२.३** |

स्रोत : स्थलगत अध्ययन, २०६७।

प्रस्तुत तालिका विश्लेषण गर्दा तीन वटै विद्यालयको उत्तीर्ण दर शैक्षिक वर्ष २०६३ को तुलनामा २०६४ मा बढेको देखिन्छ। यो दर शैक्षिक वर्ष ०६५/०६६ मा घट्दै गएको देखिन्छ। श्री करफोक विद्या मन्दिर उ.मा.वि.को चार वर्षको औसत उत्तीर्ण दर ६३.८७ प्रतिशत, श्री फिक्कल उ.मा.वि.को ५८.८९ प्रतिशत र श्री कृष्णाश्रम उ.मा.वि.को ७३.६३ प्रतिशत देखिन्छ। यसै गरी श्री करफोक विद्या मन्दिर उ.मा.वि.को अनुत्तीर्ण दर र अनुपस्थितको दर क्रमशः ३६.१३ प्रतिशत र ८.६९ प्रतिशत रहेको छ। श्री फिक्कल उ.मा.वि.को अनुत्तीर्ण दर र अनुपस्थित दर क्रमशः ४१.११ प्रतिशत र १.४८ प्रतिशत तथा श्री कृष्णाश्रम उ.मा.वि.को २६.३७ प्रतिशत र २.३ प्रतिशत रहेको देखिन्छ। समग्रतामा हेर्दा सामुदायिक विद्यालयको औसत उत्तीर्ण दर, औसत अनुत्तीर्ण दर र औसत अनुपस्थित दर क्रमशः ६५.४६ प्रतिशत, ३४.५४ प्रतिशत र ४.१६ प्रतिशत देखिन्छ।

यसप्रकार डेनियल स्टफलवीमको CIPP MODEL अन्तर्गत समुचित लगानी अनुरुप कार्यक्रमको प्रभावकारी कार्यान्वयनको अभाव रहेको, भौतिक साधनको उचित व्यवस्थापन, शिक्षक विद्यार्थीवीच प्रभावकारी सम्बन्धको अभाव रहेको र शैक्षिक लगानीको प्रभावकारिता त्यसको शैक्षिक उपलब्धिमा निर्भर गर्दछ भनिए अनुसार ती विद्यालयहरुमा शैक्षिक लगानी अनुरुप सिकाइ उपलब्धि न्यून रहेको देखिएको छ। सन्दर्भ, लगानी, प्रकृया र उपलब्धिको लेखाजोखाको कार्य अन्य सामुदायिक विद्यालयको तुलनामा श्री कृष्णाश्रम उ.मा.वि. को अपेक्षाकृत राम्रो रहेकोले यस विद्यालयको सिकाइ उपलब्धि केहि उच्च रहेको मान्न सकिन्छ।

## ४.२ छनोटमा परेका तीनवटा संस्थागत विद्यालयहरुको तालिका, प्रस्तुति र विश्लेषण

**तालिका नं. ६**

**श्री सनराइज इङ्लिश वोर्डिङ्ग स्कूलवाट २०६३–२०६६ सम्मको जिल्लास्तरीय परीक्षाको परीक्षाफल**

| क्र. सं. | शैक्षिक सत्र | भर्ना भएका विद्यार्थी संख्या | | | परीक्षामा समावेश विद्यार्थी | | | अनुपस्थित | | | उत्तीर्ण | | | अनुत्तीर्ण | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | छात्र | छात्रा | जम्मा | छात्र | छात्रा | जम्मा | छात्र | छात्रा | जम्मा | छात्र | छात्रा | जम्मा | छात्र | छात्रा | जम्मा |
| १ | २०६३ | १२ | ६ | १८ | १२ | ६ | १८ | – | – | – | १२ | ६ | १८ | | | |
| २ | २०६४ | १२ | ९ | २१ | १२ | ९ | २१ | – | – | – | १२ | ९ | २१ | | | |
| ३ | २०६५ | १५ | १० | २५ | १५ | १० | २५ | – | – | – | १५ | १० | २४ | १ | | १ |
| ४ | २०६६ | १९ | १५ | ३४ | १९ | १५ | ३४ | – | – | – | १९ | १५ | ३४ | | | |
| | जम्मा | ५८ | ४० | | ९८ | ४० | ९८ | – | – | – | ९८ | ४० | ९७ | १ | – | १ |

स्रोत : स्थलगत अध्ययन, २०६७।

प्रस्तुत तालिका अनुसार चार वर्ष सम्मको जिल्लास्तरीय परीक्षाको नतिजा विश्लेषण गर्दा श्री सनराइज इङ्लिस वोर्डिङ स्कूलवाट भर्ना भएका ५८ जना छात्र र ४० जना छात्रा मध्ये सबैले परीक्षा दिएका थिए। परीक्षा दिएका विद्यार्थीहरु मध्ये ५७ जना छात्र र ४० जना छात्रा गरी जम्मा ९७ जना उत्तीर्ण देखिन्छन्। अनुत्तीर्णमा शैक्षिक सत्र २०६५ मा १ जना छात्र मत्र देखिन्छन्। चार वर्षको औसत हेर्दा ९९ प्रतिशत विद्यार्थीहरु उत्तीर्ण देखिन्छन्। परीक्षा दिएका छात्रहरु मध्ये औसत ९८.३३ प्रतिशत छात्र उत्तीर्ण र १६७ प्रतिशत अनुत्तीर्ण रहेका छन् भने छात्राहरु उत्तीर्ण दर शतप्रतिशत देखिन्छ। परीक्षामा समावेश कुल विद्यार्थीको १ प्रतिशत मात्र अनुत्तीर्ण देखिन्छन्। यस प्रकार यस विद्यालयको उत्तीर्ण दर हेर्दा उच्च देखिन्छ , अनुत्तीर्ण दर छात्रको मात्र देखिन्छ। यस विद्यालयमा भर्नाको स्थिति हेर्दा छात्राको तुलनामा छात्रहरुको भर्ना दर बढी देखिन्छ।

## तालिका नं. ७

### श्री एभरलेण्ड इङ्लिश वोर्डिङ स्कूलवाट २०६३–२०६६सम्मको जिल्ला स्तरीय परीक्षाको परीक्षाफल

| क्र. सं. | शैक्षिक सत्र | भर्ना भएका विद्यार्थी संख्या | | | परीक्षामा समावेश विद्यार्थी | | | अनुपस्थित | | | उत्तीर्ण | | | अनुत्तीर्ण | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | छात्र | छात्रा | जम्मा | छात्र | छात्रा | जम्मा | छात्र | छात्रा | जम्मा | छात्र | छात्रा | जम्मा | छात्र | छात्रा | जम्मा |
| १ | २०६३ | १४ | ५ | १९ | १४ | ५ | १९ | – | – | – | १४ | ५ | १९ | – | – | – |
| २ | २०६४ | १९ | २५ | ४४ | १९ | २५ | ४४ | – | – | – | १९ | २५ | ४४ | – | – | – |
| ३ | २०६५ | ३१ | १८ | ४९ | ३१ | १८ | ४९ | – | – | – | ३१ | १८ | ४९ | – | – | – |
| ४ | २०६६ | १४ | १४ | २८ | १४ | १४ | २८ | – | – | – | १४ | १४ | २८ | – | – | – |
| | जम्मा | ७८ | ६२ | १४० | ७८ | ६२ | १४० | – | – | – | ७८ | ६२ | १४० | – | – | – |

स्रोत : स्थलगत अध्ययन, २०६७।

माथि प्रस्तुत तालिका हेर्दा विगत चार वर्षको अवधिमा यस श्री एभरलेण्ड इङ्लिश वोर्डिङ स्कूलवाट भर्ना भएका ७८ जना छात्र र ६२ जना छात्रा गरी जम्मा १४० जना विद्यार्थीहरु जिल्ला स्तरीय परीक्षामा समावेश भएकोमा शतप्रतिशत उत्तीर्ण देखिन्छन् । भर्नाको स्थिति विश्लेषण गर्दा ५५.७१ प्रतिशत छात्र र ४४.२९ प्रतिशत छात्रा भर्ना भएका देखिन्छ । यसवाट छात्राको तुलनामा छात्रहरु यस विद्यालयमा बढी संख्यामा भर्ना भएको देखिन्छ ।

## तालिका नं. ८

### श्री पंचकन्या आवासीय मा. विद्यालयवाट २०६३–२०६६ सम्मको जिल्ला स्तरीय परीक्षाको परीक्षाफल

| क्र. सं. | शैक्षिक सत्र | भर्ना भएका विद्यार्थी संख्या | | | परीक्षामा समावेश विद्यार्थी | | | अनुपस्थित | | | उत्तीर्ण | | | अनुत्तीर्ण | | | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | छात्र | छात्रा | जम्मा | छात्र | छात्रा | | जम्मा | छात्र | छात्रा | जम्मा | छात्र | छात्रा | जम्मा | छात्र | छात्रा | |
| १ | २०६३ | ५ | ४ | ९ | ५ | ४ | | ९ | – | – | – | ५ | ४ | ९ | – | – | नेपाली माध्यम |
| २ | २०६४ | २२ | २२ | ४४ | २२ | २२ | | ४४ | – | – | – | २२ | २२ | ४४ | – | – | |
| ३ | २०६५ | १८ | १३ | ३१ | १८ | १३ | | ३१ | – | – | – | १८ | १३ | ३१ | – | – | |
| ४ | २०६६ | २६ | २२ | ४८ | २६ | २२ | | ४८ | – | – | – | २६ | २० | ४६ | २ | २ | अंग्रेजी मा. |
| ५ | २०६६ | ५ | ४ | ९ | ५ | ४ | | ९ | | | | ५ | ४ | ९ | | | |
| | जम्मा | ७६ | ६५ | ६५ | ७६ | ६५ | | १४१ | – | – | – | ७६ | ६३ | १३९ | २ | २ | – |

स्रोत : स्थलगत अध्ययन, २०६७।

प्रस्तुत तालिका अनुसार श्री पंचकन्या आवासीय माध्यमिक विद्यालयमा नेपाली माध्यममा पठनपाठन हुने गरेको छ भने शैक्षिक सत्र २०६६ देखि नेपालीका अतिरिक्त अंग्रेजी माध्यममा पनि पठनपाठन हुने गरेको छ । उक्त दुवै माध्यमवाट विगत चार वर्षको अवधिमा ७६ जना छात्र र ६५ जना छात्रा भर्ना भएकामा सबैले जिल्ला स्तरीय परीक्षा दिएका थिए । परीक्षा दिएका ७६ जना छात्र र ६५ जना छात्राहरु मध्ये ७६ छात्र र ६३ छात्रा

उत्तीर्ण भएको देखिन्छ भने २ जना छात्रा मात्र अनुत्तीर्ण भएको देखिन्छ। चार वर्षको औसत उपलब्धि हेर्दा ९८.९६ प्रतिशत विद्यार्थी उत्तीर्ण भएका छन्। छात्रहरु शतप्रतिशत उत्तीर्ण रहेका छन् भने छात्राहरुको औसत उत्तीर्ण दर ९९.२३ प्रतिशत देखिन्छ। भर्नाको स्थिति हेर्दा ५३.९० प्रतिशत छात्र र ४६.१० प्रतिशत छात्राहरु भर्ना भएका देखिन्छन्। यसवाट छात्राहरुको तुलनामा छात्रहरु बढी संख्यामा भर्ना भएका तथ्य प्रष्ट हुन्छ।

**तालिका नं. ९**

**संस्थागत विद्यालयको जिल्लास्तरीय परीक्षा (२०६३–२०६६) को समष्टिगत उपलब्धि**


| क्र. सं. | विद्यालयको नाम | भर्ना भएका विद्यार्थी संख्या | | | परीक्षामा समावेश विद्यार्थी | | | उत्तीर्ण | | | अनुत्तीर्ण | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | छात्र | छात्रा | जम्मा | छात्र | छात्रा | जम्मा | छात्र | छात्रा | जम्मा | छात्र | छात्रा | जम्मा |
| १ | श्री सनराइज इ. वोर्डिङ | ५८ | ४० | ९८ | ५८ | ४० | ९८ | ५७ | ४० | ९७ | १ | – | १ |
| २ | श्री एभरलेण्ड इ. वोर्डिङ | ७८ | ६२ | १४० | ७८ | ६२ | १४० | ७८ | ६२ | १४० | – | – | – |
| ३ | श्री पंचकन्या आ. विद्यालय | ७६ | ६५ | १४१ | ७६ | ६५ | १४१ | ७६ | ६३ | १३९ | – | २ | २ |
| | जम्मा | २१२ | १६७ | ३७९ | २१२ | १६७ | ३७९ | २११ | १६५ | ३७६ | १ | २ | ३ |

स्रोत : स्थलगत अध्ययन, २०६७।

शैक्षिक सत्र २०६३ देखि २०६६ सम्मको अवधिमा माथि उल्लेखित ३ वटा छात्राहरु गरी जम्मा ३७९ जना विद्यार्थीले जिल्ला स्तरीय परीक्षा दिएकोमा २११ जना छात्र र १६५ जना छात्राहरु गरी कुल ३७६ जना विद्यार्थीहरु उत्तीर्ण भएको देखिन्छ। परीक्षा दिएका छात्रहरु मध्ये ९९.५३ प्रतिशत र छात्राहरु मध्ये ९८.८० प्रतिशत उत्तीर्ण देखिन्छन्। परीक्षा दिएका मध्ये छात्र ०.४७ प्रतिशत र छात्रा १.२ प्रतिशत अनुत्तीर्ण देखिन्छन्। यस तथ्यलाई तलको स्तम्भ चित्र तथा वृत्त चित्रवाट समेत प्रष्ट्याइएको छ।

### चित्र नं. ३

### सस्थागत विद्यालयको जिल्लास्तरीय परीक्षाको उपलब्धि (२०६३–२०६६)





स्रोतः छनोटमा परेका विद्यालयहरु


### चित्र नं. ४

### संस्थागत विद्यालयको जिल्लास्तरीय परीक्षाको उपलब्धि (२०६३-२०६६) बृत्तचित्रमा

क) संस्थागत विद्यालयको जिल्ला स्तरीय परीक्षा(२०६३-२०६६)मा उत्तीर्ण/ अनुत्तीर्ण विद्यार्थी




ख) संस्थागत विद्यालयको जिल्लास्तरीय परीक्षा(२०६३-२०६६)मा छत्रछात्राको उपलब्धि




स्रोतः छनोटमा परेका विद्यालयहरु ।

संस्थागत विद्यालय विद्यालयहरुले विगत चार वर्षमा जिल्लास्तरीय परीक्षामा प्राप्त परिणामलाई माथिका विभिन्न तालिका तथा चित्रहरुमा प्रस्तुत गरियो । उक्त तालिका तथा चित्रहरुको विश्लेषण गरी उत्तीर्ण,अनुत्तीर्ण एवं अनुपस्थित प्रतिशतको प्रवृत्तिलाई तलको तालिकामा देखाइएको छ ।

**तालिका नं. १०**

**संस्थागत विद्यालयको जिल्लास्तरीय परीक्षाम प्राप्त परिणाम प्रतिशत तालिका**

| क.सं. | विद्यालय | श्री सनराइन इ.वो.स्कूल | | | श्री एभरलेण्ड इ.वो.स्कूल | | | श्री पंचकन्या आ.विद्यालय | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | शै.सत्र | उत्तीर्ण | अनुत्तीर्ण | अनुपस्थित | उत्तीर्ण | अनुत्तीर्ण | अनुपस्थित | उत्तीर्ण | अनुत्तीर्ण | अनुपस्थित |
| १ | २०६३ | १०० | – | – | १०० | – | – | १०० | – | – |
| २ | २०६४ | १०० | – | – | १०० | – | – | १०० | – | – |
| ३ | २०६५ | ९६ | ४ | – | १०० | – | – | १०० | – | – |
| ४ | २०६६ | १०० | – | – | १०० | – | – | ९५.८३ | ४.१७ | – |
| | औसत | ९९ | १ | – | १०० | – | – | ९८.९६ | १.०४ | – |

स्रोत : स्थलगत अध्ययन, २०६७।

प्रस्तुत तालिका विश्लेषण गर्दा तीन वटै विद्यालयको शुरुका दुई वर्षको उत्तीर्ण दर शतप्रतिशत देखिन्छ । त्यस पछिका वर्षहरुमा अत्यन्त न्यून संख्यामा मात्रै विद्यार्थीहरु अनुत्तीर्ण भएको देखिन्छ। विगत चार वर्षको श्री सनराइज इङ्लिश वोर्डिङ स्कूलको औसत उत्तीर्ण दर र अनुत्तीर्ण दर क्रमशः ९९ प्रतिशत र १ प्रतिशत, श्री एभरलेण्ड इङ्लिश स्कूलको उत्तीर्ण शतप्रतिशत तथा श्री पंचकन्या आवासीय मा.विद्यालयको उत्तीर्ण दर र अनुत्तीर्ण दर क्रमशः ९८.९६ प्रतिशत र १.०४ प्रतिशत देखिन्छ । तीनवटै विद्यालयमा अनुपस्थित दर शुन्य रहेको छ । समग्रतामा अध्ययन गर्दा संस्थागत विद्यालयको औसत उत्तीर्ण दर र औसत अनुत्तीर्ण दर क्रमशः ९९.३२ प्रतिशत र ०.६८ प्रतिशत देखिन्छ। श्री पंचकन्या आवासीय मा.विद्यालयमा नेपाली माध्यममा पठनपाठन हुने भएता पनि अन्य सामुदायिक विद्यालयको तुलनामा उच्च उत्तीर्ण दर कायम गर्न सफल देखिन्छ। यसो हुनमा नेपाली माध्यमको श्री पञ्चकन्या आमावि लगायत अन्य संस्थागत विद्यालयहरुमा डेनियल स्टफलवीमको CIPP MODEL अन्तर्गत सन्दर्भ मूल्याङ्कनकालागि उपयुक्त योजनाको निर्णय लिने, आवश्यकता बोध गर्ने, प्रकृया मूल्याङ्कनकालागि भौतिक साधन र श्रोत, शिक्षक, विद्यार्थी, पाठ्यक्रम, शैक्षिक सामग्री, पाठ्यपुस्तक, शिक्षण प्रकृया, प्रशासकीय व्यवस्था सञ्चालन, आर्थिक श्रोत आदिको सम्बन्धमा उचित निर्णय पश्चात शैक्षिक योजनामा गरिएको लगानीलाई अधिकतम उपलब्धि हाँसिल हुनेगरी प्रभावकारी कार्यान्वयन गर्ने प्रबृत्ति रहेकालेगर्दा यि विद्यालयहरुको सिकाइ उपलब्धि सामुदायिक विद्यालयको तुलनामा उच्च रहेको मान्न सकिन्छ।

## ४.३ सामुदायिक र संस्थागत विद्यालयहरुको जिल्लास्तरीय परीक्षाको उपलब्धिको तुलनात्मक स्थिति

छनोटमा परेका सामुदायिक तथा संस्थागत विद्यालयहरुले जिल्लास्तरीय परीक्षामा विगत चार वर्षमा प्राप्त गरेको उपलब्धिलाई माथि विभिन्न तालिका तथा चित्रहरुद्वारा छुट्टाछुट्टै रुपमा प्रस्तुत,व्याख्या एवं विश्लेषण गरियो । माथिका विभिन्न तालिका तथा चित्रका आधारमा दुवै प्रकारका विद्यालयहरुको शैक्षिक वर्ष २०६३ देखि २०६६ सम्मको जिल्लास्तरीय परीक्षाको उपलब्धिलाई तुलनात्मक रुपमा निम्न तालिका मार्फत देखाइएको छ ।

**तालिका नं. ११**

**सामुदायिक र संस्थागत विद्यालयहरु जिल्लास्तरीय परीक्षामा प्राप्त उपलब्धि**


| क.सं. | विषय | सामुदायिक विद्यालय | संस्थागत विद्यालय |
|---|---|---|---|
| १ | भर्ना विद्यार्थी संख्या | १८६९ | ३७९ |
| २ | परीक्षामा समावेश विद्यार्थी संख्या | १८०६ | ३७९ |
| ३ | परीक्षामा अनुपस्थित विद्यार्थी प्रतिशत(औसत) | ४.१६ | – |
| ४ | उत्तीर्ण विद्यार्थी प्रतिशत(औसत) | ६५.४६ | ९९.३२ |
| ५ | अनुत्तीर्ण विद्यार्थी प्रतिशत(औसत) | ३४.५४ | ०.६८ |

स्रोत : छनोटमा परेका विद्यालयहरु ।


**चित्र नं. ५**

**सामुदायिक र संस्थागत विद्यालयहरुको जिल्लास्तरीय परीक्षा (२०६३-२०६६) को औसत उपलब्धि**

**क) सामुदायिक विद्यालयको जिल्लास्तरीय परीक्षाको औसत उपलब्धि**





**ख) संस्थागत विद्यालयको जिल्लास्तरीय परीक्षाको औसत उपलब्धि**




स्रोतः छनोटमा परेका विद्यालयहरु

ग) सामुदायिक र संस्थागत विद्यालयको जिल्लास्तरीय परीक्षा(२०६३-२०६६)को उपलब्धि




स्रोत: छनोटमा परेका विद्यालयहरु

माथि प्रस्तुत तालिका अनुसार सामुदायिक विद्यालयमा भर्ना भएका विद्यार्थीहरु मध्ये औसत ४.१६ प्रतिशत विद्यार्थी जिल्ला स्तरीय परीक्षामा अनुपस्थित हुने गरेको र संस्थागत विद्यालयका विद्यार्थीहरु उक्त परीक्षामा अनुपस्थित नहुने गरेको तथ्य प्राप्त भएको छ । सामुदायिक विद्यालयमा बढी विद्यार्थी भर्ना हुने गरेको, औसत ६५.४६ प्रतिशत उत्तीर्ण र औसत ३४.५४ प्रतिशत विद्यार्थी अनुत्तीर्ण हुने गरेको पाइएको छ भने संस्थागत विद्यालयमा कम संख्यामा विद्यार्थी भर्ना हुने गरेको, औसत ९९.३२ प्रतिशत उत्तीर्ण र औसत ०.६८ प्रतिशत अर्थात अत्यन्त न्यून संख्यामा अनुत्तीर्ण हुने गरेको यथार्थ प्राप्त भएको छ । यसप्रकार डेनियल स्टफलवीमको CIPP MODEL का चारवटै मूल्यांकनहरु परिवेश, लगानी, प्रकृया र उपलब्धि मूल्यांकन अन्तर्गत गरिनुपर्ने शैक्षिक कार्यक्रमहरुको व्यवस्थित एवं प्रभावकारी कार्यान्वयन हुन नसक्दा सामुदायिक विद्यालयहरुमा लगानी अनुरुपको अधिकतम उपलब्धि हाँसिल हुन नसकेको र संस्थागत विद्यालयहरुमा उक्त कार्यहरुको व्यवस्थित एवं प्रभावकारी कार्यान्वयन हुने गरेको कारण उच्च उपलब्धि प्राप्त हुने कुरामा विश्वास गर्न सकिन्छ ।

## ४.४. सामुदायिक र संस्थागत विद्यालयका छात्र–छात्राहरुको जिल्लास्तरीय परीक्षामा प्राप्त उपलब्धिको तुलनात्मक स्थिति

नमूना छनोटमा परेका सामुदायिक र संस्थागत विद्यालयहरुको विगत चार वर्षको अवधिमा प्राप्त उपलब्धिलाई माथि विभिन्न तथ्याङ्कीय विधिद्वारा विश्लेषण गरियो । यसका आधारमा सामुदायिक र संस्थागत विद्यालयका छात्र तथा छात्राहरुको उक्त अवधिको जिल्लास्तरीय परीक्षाको उपलब्धिलाई तुलनात्मक रुपमा निम्न तालिकामा प्रस्तुत गरिएको छ ।

## तालिका नं. १२


## जिल्लास्तरीय परीक्षा (२०६३–२०६६)मा छात्र–छात्राहरुको उपलब्धि तालिका

| क्र. सं. | विषयहरु | सामुदायिक विद्यालय | | | संस्थागत विद्यालय | | |
|---|---|---|---|---|---|---|---|
| | | छात्र | छात्रा | जम्मा | छात्र | छात्रा | जम्मा |
| १ | भर्ना विद्यार्थी संख्या | ८५५ | १०१४ | १८६९ | २१२ | १६७ | ३७९ |
| २ | परीक्षामा समावेश विद्यार्थी संख्या | ८१८ | ९८८ | १८०६ | २१२ | १६७ | ३७९ |
| ३ | परीक्षामा अनुपस्थित विद्यार्थी प्रतिशत(औसत) | ४.३३ | २.५६ | | – | – | |
| ४ | उत्तीर्ण विद्यार्थी प्रतिशत(औसत) | ६३.२२ | ६७.८५ | | ९९.४३ | ९८.९७ | |
| ५ | अनुत्तीर्ण विद्यार्थी प्रतिशत(औसत) | ३६.७८ | ३२.१५ | | ०.५७ | १.०३ | |
| | परीक्षामा उत्तीर्ण | ५११ | ६७८ | ११८९ | २११ | १६५ | ३७६ |
| | अनुत्तीर्ण | ३०७ | ३११ | ६१८ | १ | २ | ३ |

स्रोत : छनोटमा परेका विद्यालयहरु ।

### चित्र नं. ६

### जिल्लास्तरीय परीक्षा (२०६३–२०६६) मा छात्रछात्राहरुको उपलब्धि




स्रोत: छनोटमा परेका विद्यालय

माथि प्रस्तुत तालिका अध्ययन गर्दा विगत चार वर्षको अवधिमा ८५५ जना छात्र र १०१४ जना छात्रा सामुदायिक विद्यालयमा र २१२ जना छात्र र १६७ जना छात्रा संस्थागत

विद्यालयमा भर्ना भएको देखिन्छ । सामुदायिक विद्यालयमा कुल भर्ना मध्ये ४५.७५ प्रतिशत छात्र र ५४.२५ प्रतिशत छात्रा भर्ना भएका छन् भने संस्थागत विद्यालयमा २१२ जना छात्र र १६७ छात्रा गरी कुल ३७९ जना भर्ना भएका मध्ये कुल भर्नाको ५५.९४ प्रतिशत छात्र र ४४.०६ प्रतिशत छात्राहरु रहेका देखिन्छन् । भर्ना स्थिति हेर्दा सामुदायिक विद्यालयहरुमा बढी संख्यामा छात्राहरु र संस्थागत विद्यालयहरुमा बढी संख्यामा छात्रहरु भर्ना भएका देखिन्छन् । यसलै अन्य क्षेत्रमा जस्तै शिक्षामा क्षेत्रमा पनि लैङ्गिक असमानता र विभेद रहेको तथ्यलाई पुष्टि गर्दछ । यसै गरी सामुदायिक विद्यालयको परीक्षामा समावेश ९५.६७ प्रतिशत छात्र र ९७.४४ प्रतिशत छात्रा रहेका छन् भने संस्थागत तर्फ शत प्रतिशत विद्यार्थी परीक्षा समावेश छन् । सामुदायिक विद्यालयवाट जिल्लास्तरीय परीक्षामा छात्राको तुलनामा छात्रको अनुपस्थिति दर उच्च पाइएको छ । उत्तीर्ण विद्यार्थीको स्थिति हेर्दा सामुदायिक विद्यालयमा औसत ६३.२२ प्रतिशत छात्र र ६७.८५ प्रतिशत छात्रा उत्तीर्ण भएका छन् । यसरी हेर्दा सामुदायिक विद्यालयमा छात्राहरुको उत्तीर्ण दर बढी छ भने छात्रहरुको कम छ । संस्थागत विद्यालयमा ९९.४३ प्रतिशत छात्र र ९८.९७ प्रतिशत छात्रा उत्तीर्ण भएका छन् यसमा छात्राहरुको तुलनामा छात्राहरुको उत्तीर्ण दर थोरै बढी देखिन्छ । सामुदायिक तथा संस्थागत दुवै विद्यालयको तुलना गर्दा सामुदायिक विद्यालयको भन्दा संस्थागत विद्यालयको उत्तीर्ण दर उच्च रहेको तथ्य प्रष्ट हुन्छ । सामुदायिक विद्यालयहरुमा छात्रको तुलनामा छात्रा भर्ना बढी हुनु, जिल्लास्तरीय परीक्षामा विद्यार्थी अनुपस्थित रहनु तथा उपलब्धिमा न्यूनता रहनुमा स्टफलवीमको CIPP MODEL अनुसार लगानी र प्रकृया मूल्यंकन अन्तर्गत गरिने कार्यहरु प्रभावकारी रुपमा सम्पादन नभएकाले लगानी अनुसार प्रतिफल प्राप्त हुन नसकेको देखिन्छ ।

## ४.५. जिल्लास्तरीय परीक्षाको उपलब्धिलाई प्रभाव पार्ने तत्वहरु पत्ता लगाई निराकरण गर्नका लागि शिक्षासँग सम्बन्धित व्यक्तिहरु (शिक्षक, विद्यार्थी, अभिभावक)को प्रतिक्रिया विश्लेषण

कक्षा ८ को जिल्ला स्तरीय परीक्षाको उपलब्धिमा प्रभाव पार्ने तत्व र निराकरणका उपायहरु विश्लेषण एवं अध्ययन गर्नका लागि प्रश्नावलीहरु निर्माण गरी विद्यार्थी, अभिभावक, शिक्षक, प्र.अ.,वि.व्य.स., शि.अ.संघ, गाउँ शिक्षा समितिका पदाधिकारीहरु प्रश्नावली भर्न लगाई प्रतिक्रिया लिने काम भएको थियो । उहाँहरुको प्रतिक्रिया निम्न अनुसार रहेको पाइयो ।

### ४.५.१. शिक्षकको प्रतिक्रिया

यस प्रतिक्रियाको लागि सामुदायिक विद्यालयका ६ जना र संस्थागत विद्यालयका ६ जना शिक्षकहरुलाई प्रश्नावली भराइएको थियो । शिक्षकहरुको प्रतिक्रिया यस प्रकार रहेको छ ।

**तालिका नं. १३**

**शिक्षकको प्रतिक्रिया विश्लेषण**

| विषय | सामुदायिक सकारात्मक प्रतिशत | सामुदायिक नकारात्मक प्रतिशत | जम्मा | संस्थागत सकारात्मक प्रतिशत | संस्थागत नकारात्मक प्रतिशत | जम्मा |
|---|---|---|---|---|---|---|
| १) जिल्लास्तरीय परीक्षा प्रणालीको वर्तमान अवस्थाको उपयुक्तता | | | | | | |
| क) उपयुक्त छ । | ३३.३३ | ६६.६७ | १०० | — | — | — |
| ख) अनुपयुक्त छ । | — | — | — | ३३.३३ | ६६.६७ | १०० |
| ग) सुधार आवश्यक छ । | ६६.६७ | ३३.३३ | १०० | ६६.६७ | ३३.३३ | १०० |
| २) हालको कक्षा आठको शिक्षण समयको अनुकूलता | ६६.६७ | ३३.३३ | १०० | ८३.३३ | १६.६७ | १०० |
| ३) शिक्षण सिकाई क्रियाकलाप गर्दा विद्यार्थीहरुको उत्सुकता | ५० | ५० | १०० | ६६.६७ | ३३.३३ | १०० |
| ४) आफ्नो पठनपाठन प्रति सन्तुष्टि | ६६.६७ | ३३.३३ | १०० | ८३.३३ | १६.६७ | १०० |
| ५) आफ्नो विषय शिक्षणका लागि छोटो वा लामो अवधिको तालिम लिएको | ८३.३३ | १६.६७ | १०० | १६.६७ | ८३.६७ | १०० |
| ६) विद्यालयले दिएको पारिश्रमिकको पर्याप्तता | ५० | ५० | १०० | १६.६७ | ६६.६७ | १०० |
| ७) जिल्ला स्तरीय परीक्षामा प्राय मुख्य विषयहरुमा विद्यार्थीहरु अनुत्तीर्ण हुने कारणहरु | | | | | | |
| क) शैक्षिक सामाग्रीको अर्पाप्तता | १६.६७ | ८३.३३ | १०० | ३३.३३ | ६६.६७ | १०० |
| ख) परीक्षा प्रणाली तथा कमजोर | | | | | | |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| व्यवस्थापन | १६.६७ | ८३.३३ | १०० | १६.६७ | ८३.३३ | १०० |
| ग) परीक्षा सम्बन्धि उत्साहको कमी र अतिरिक्त क्रियाकलापको व्यवस्था नहुनु | ६६.६७ | ३३.३३ | १०० | ५० | ५० | १०० |
| घ) माथिको सबै | – | – | – | – | – | – |
| ८) वर्तमान जिल्ला स्तरीय परीक्षा संचालन प्रक्रियामा परिवर्तनको आवश्यकता– | | | | | | |
| क) छ/छैन | ३३.३३ | ६६.६७ | १०० | १६.६७ | ८३.३३ | १०० |
| ख) प्रश्न पत्र विषय शिक्षकद्वार निर्माण गरी परीक्षा संचालन, नतिजा प्रकाशन समेत आफैले गर्नुपर्छ | ६६.६७ | ३३.३३ | १०० | ८३.३३ | १६.६७ | १०० |
| ९) जिल्ला स्तरीय परीक्षामा धेरै विद्यार्थीहरु अनुत्तीर्ण हुनमा दोषी– | | | | | | |
| क) विद्यार्थी | ३३.३३ | ६६.६७ | १०० | ३३.३३ | ६६.६७ | १०० |
| ख) शिक्षक | | | | | | |
| ग) विद्यालय प्रशासन | १६.३३ | ८३.३३ | १०० | | | |
| घ) अभिभावक | – | – | – | – | – | – |
| ङ) जि.शि.का. | – | – | – | – | – | – |
| च) माथिका सबै | ५० | ५० | १०० | ६६.६७ | ३३.३३ | १०० |
| १०) अंग्रेजी,गणित,विज्ञान जस्ता प्रमुख विषयहरुमा विद्यार्थीलाई बढी उत्तीर्ण गराउने उपायहरु– | | | | | | |
| क) विद्यालयको भौतिक व्यवस्थापन राम्रो हुनु पर्छ | – | – | – | – | – | |
| ख) शिक्षकलाई पाठ्यक्रम, शिक्षक निर्देशिका उपलब्ध हुनु पर्दछ। | – | – | – | – | – | |
| ग) शैक्षिक सामाग्री निर्माण,प्रयोग एवं प्रयोगशालाको व्यवस्था | – | – | – | – | – | |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| घ) समयमा पाठ्य पुस्तकको उपलब्धता, शिक्षक तालिम, अतिरिक्त कक्षा संचालन, विद्यालयवाट शिक्षकलाई सहयोग | – | – | – | – | – | |
| ङ) माथिको सबै | १०० | – | १०० | १०० | – | १०० |
| ११. वर्तमान जिल्लास्तरीय परीक्षा प्रणालीलाई सुधार गर्ने उपायहरु– | | | | | | |
| क) विषय विशेषज्ञवाट प्रश्नपत्र निर्माण गर्ने, वर्तमान प्रणालीलाई थप प्रभावकारी बनाउने । | – | – | – | – | – | – |
| ख) विषयगत शिक्षक दरबन्दीको व्यवस्थालाई प्रभावकारी बनाउने । | – | – | – | – | – | – |
| ग) उत्तीर्ण विद्यार्थीको अनुपातमा शिक्षकलाई पुरस्कार र दण्डको नीति अपनाउने । | – | – | – | – | – | – |
| घ) परीक्षा संचालन तथा व्यवस्थापनमा सुधार गरी अन्य आवश्यक सुधार गर्ने । | – | – | – | – | – | – |
| ङ) माथिका सबै । | १०० | – | १०० | १०० | – | १०० |
| १२. विद्यार्थीको शैक्षिक उपलब्धिमा प्रभाव पार्ने तत्वहरुः | | | | | | |
| क. विद्यार्थी नियमितता र अनुशासन | – | – | – | – | – | – |
| ख. भौतिक पूर्वाधार | – | – | – | – | – | – |
| ग. शिक्षक–विद्यार्थी सम्बन्ध | – | – | – | – | – | – |
| घ. शिक्षण तालिम | – | – | – | – | – | – |
| ङ. पाठ्यक्रमको गुणस्तर | – | – | – | – | – | – |
| च.माथिको सबै | १०० | – | १०० | १०० | – | १०० |
| १३. विद्यार्थीहरुको शैक्षिक उपलब्धि बृद्धि गर्ने उपायहरु– | | | | | | |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| क. विद्यालयको भौतिक व्यवस्थापन राम्रो हुनुपर्ने | – | – | – | – | – | |
| ख. पाठ्यक्रम शिक्षक निर्देशिका पाठ्यपुस्तक, पाठ्यसामाग्री समयमै उपलब्ध हुनुपर्ने | – | – | – | – | – | |
| ग. शिक्षक तालिम,अतिरिक्त कक्षा संचालनकोव्यवस्था,शैक्षिक सामाग्री निर्माण एवं प्रयोग गरिनु पर्ने | – | | | | | |
| घ.पुस्तकालय र प्रयोगशालाको व्यवस्था | – | – | – | – | – | |
| ङ. माथिको सबै | १०० | – | १०० | १०० | – | १०० |

स्रोत : स्थलगत अध्ययन, २०६७

माथि उल्लेखित तालिका हेर्दा वर्तमान जिल्लास्तरीय परीक्षा प्रणाली उपयुक्त रहेको कुरामा ३३.३३ प्रतिशत सामुदायिक शिक्षकहरु सकारात्मक देखिएका छन् भने ६६.६७ प्रतिशत शिक्षकहरु नरकारात्मक देखिएका छन् । यी दुवै प्रकारका विद्यालयका ६६.६७ प्रतिशत शिक्षकहरु विद्यमान जिल्लास्तरीय परीक्षा प्रणालीमा सकारात्मक देखिएका छन् । हालको कक्षा आठको शिक्षण समयको अनुकूलताका सम्बन्धमा सामुदायिक र संस्थागत विद्यालयका शिक्षकहरुले क्रमशः ६६.६७ प्रतिशत र ८३.३३ प्रतिशतले सकारात्मक जवाफ दिएका थिए । शिक्षण क्रियाकलापमा विद्यार्थीहरुको उत्सुकता सामुदायिकको तुलनामा संस्थागत विद्यालयमा बढी देखिन्छ । यसै गरी पठन पाठन प्रतिको सन्तुष्टि संस्थागत शिक्षकहरुमा बढी देखिन्छ । शिक्षक तालिमको आवश्यकता संस्थागत शिक्षकहरुमा बढी देखिन्छ । विद्यालयले प्रदान गरेको पारिश्रमिकको पर्याप्तताको सम्बन्धमा सामुदायिक शिक्षकहरु ५० प्रतिशत सकारात्मक देखिन्छन् भने संस्थागत शिक्षकहरु ६६.६७ प्रतिशत नकारात्मक देखिन्छन् । जिल्ला स्तरीय परीक्षामा बढी विद्यार्थीहरु अनुत्तीर्ण हुनमा शैक्षिक सामाग्रीको अपर्याप्तता, परीक्षा प्रणाली तथा कमजोर व्यवस्थापन, परीक्षा सम्बन्धी उत्साहको कमी, अतिरिक्त क्रियाकलापको व्यवस्था नहुनुमा ६६.६७ प्रतिशत सामुदायिक शिक्षकहरु सकारात्मक देखिन्छन् । जिल्ला स्तरीय परीक्षामा प्रश्नपत्र विषय शिक्षकद्वारा निर्माण गरी परीक्षा संचालन, नतिजा प्रकाशन समेत आफैले गर्नुपर्ने कुरामा दुवै प्रकारका विद्यालयका शिक्षकहरु सकारात्मक देखिएका छन् । यस परीक्षामा धेरै विद्यार्थी अनुत्तीर्ण

हुनमा विद्यार्थीलाई दोषी देख्नेमा दुवै प्रकारका विद्यालयका ३३.३३ प्रतिशत शिक्षकहरु सकारात्मक छन भने सामुदायिक विद्यालयका १६.६७ प्रतिशत शिक्षकहरु विद्यालय प्रशासनलाई दोषी देख्दछन् । विद्यार्थी,शिक्षक, विद्यालय प्रशासन,अभिभावक, जि.शि.का. सबै बढी विद्यार्थी अनुत्तीर्ण हुनमा दोषी रहेको कुरामा सामुदायिक र संस्थागत शिक्षकहरु क्रमशः ५० र ६६.६७ प्रतिशत शिक्षकहरु सकारात्मक देखिन्छन् । वर्तमान जिल्लास्तरीय परीक्षा प्रणालीलाई सुधार गर्न विषय विशेषज्ञद्वारा प्रश्नपत्र निर्माण गर्ने, विषयगत शिक्षक दरबन्दीको व्यवस्थालाई थप प्रभावकारी बनाउने, उत्तीर्ण विद्यार्थीको अनुपातमा शिक्षकलाई पुरस्कार र दण्डको नीति अपानाउने, परीक्षा संचालन तथा व्यवस्थापनमा सुधार गरी अन्य आवश्यक सुधार गर्ने कुरामा दुबै प्रकारका विद्यालयका शत्प्रतिशत शिक्षकहरु सकारात्मक देखिएका छन् ।

जिल्लास्तरीय परीक्षामा  सामुदायिक विद्यालयको उपलब्धि न्यून हुनमा शैक्षिक सामाग्रीको अपर्याप्तता, विद्यार्थी नियमितता र अनुशासन, भौतिक पूर्वधार, शिक्षक–विद्यार्थी सम्बन्धमा,शिक्षण तालिम, पाठ्यक्रमको गुणस्तर आदिले प्रभाव पारेको कुरामा दुवै प्रकारका विद्यालयका शिक्षकहरु सकारात्मक देखिन्छन् । यी दुवै प्रकारका शिक्षकहरुले शैक्षिक उपलब्धि वृद्धि गर्न विद्यालयको भौतिक व्यवस्थापन राम्रो हुनु पर्ने, पाठ्यक्रम, शिक्षक निर्देशिका, पाठ्यपुस्तक,पाठ्य सामाग्री समयमै उपलब्ध हुनुपर्ने, शिक्षक तालिम, अतिरिक्त कक्षा संचालन, शैक्षिक सामाग्री निर्माण प्रयोग एवं पुस्तकाल र प्रयोगशालाको व्यवस्था हुनुपर्ने जस्ता उपायहरुमा शतप्रतिशत सकारात्मक देखिएका छन् । स्टफलवीमको CIPP MODEL अन्तर्गत लगानी मूल्याङ्कनमा भनिएअनुसार संस्थागत विद्यालयका शिक्षकहरुलाई ताीलमको आवश्यकता, शिक्षकहरुको पारिश्रमिक बृद्धि गर्नुपर्ने, प्रकृया मूल्याङ्कन अन्तर्गत परीक्षा प्रणालीमा परिवर्तन आवश्यक रहेको, उपलब्धि मूल्याङ्कन अन्तर्गत विद्यार्थीहरु अनुतीर्ण हुनका जिम्मेवार पक्षको निर्देशन, सुपरिवेक्षण एवं अनुगमन गर्ने व्यवस्था मिलाउन आवश्यक देखिन्छ ।

### ४.५.२ विद्यार्थीको प्रतिक्रिया

यस प्रतिक्रियाका लागि छनोटमा परेका प्रत्येक सामुदायिक र संस्थागत विद्यालयका छात्र–छात्रा गरी प्रत्येक विद्यालयवाट २ जनाको दरले ६ वटा विद्यालयका जम्मा १२ जना विद्यार्थीहरुलाई प्रश्नवाली भराई प्रतिक्रिया लिने काम भएको थियो । ती विद्यार्थीहरुको प्रतिक्रिया निम्न अनुसार रहेको पाइयो ।

## तालिका नं. १४

## विद्यार्थीको प्रतिक्रिया विश्लेषण

| विषय | सकारात्मक प्रतिशत | नकारात्मक प्रतिशत | जम्मा | सकारात्मक प्रतिशत | नकारात्मक प्रतिशत | जम्मा |
|---|---|---|---|---|---|---|
| १) यस विद्यालयमा पढ्नुपर्ने कारण– | | | | | | |
| क) पठनपाठन राम्रो भएर | ३३.३३ | ६६.६७ | १०० | ८३.३३ | १६.६७ | १०० |
| ख) कम खर्च लाग्ने भएर | ३३.३३ | ६६.६७ | १०० | – | – | – |
| ग) बाबु आमाको इच्छाले | ३३.३३ | ६६.६७ | १०० | १६.६७ | ८३.३३ | १०० |
| २) यस विद्यालयको पठन पाठन देखि सन्तुष्टि | ५० | ५० | १०० | ८३.३३ | १६.६७ | १०० |
| ३)विद्यालयमा तिर्नुपर्ने शुल्क तिर्नु पर्छ/तिर्नु पर्दैन | १६.६७ | ८३.३३ | १०० | १०० | – | – |
| ४) शिक्षकले गृहकार्य दिने प्रवृत्ति | | | | | | |
| क) दिनु हुन्छ | ३३.३३ | ६६.६७ | १०० | १०० | – | – |
| ख) दिनु हुन्न | १६.६७ | ८३.३३ | १०० | – | – | – |
| ग) कहिलेकाँही दिनु हुन्छ | ५० | ५० | १०० | – | – | – |
| ५) गृहकार्य नबुझाएमा | | | | | | |
| क) सजाय गर्नुहुन्छ | १६.६७ | ८३.३३ | १०० | ८३.३३ | १६.६७ | १०० |
| ख) केही गर्नुहुन्न | ५० | ५० | १०० | – | – | – |
| ग) कहिलेकाँही सजाय गर्नु हुन्छ | ३३.३३ | ६६.६७ | १०० | १६.६७ | ८३.३३ | १०० |
| ६) कक्षामा शिक्षकहरुद्वारा शैक्षिक सामाग्री प्रयोग– | | | | | | |
| क) गर्नु हुन्छ | ३३.३३ | ६६.६७ | १०० | ५० | ५० | १०० |
| ख) गर्नु हुन्न | १६.६७ | ८३.३३ | १०० | – | – | – |
| ग) कहिलेकाँही मात्र गर्नु हुन्छ | ५० | ५० | १०० | ५० | ५० | १०० |
| ७) यस विद्यालयमा भौतिक सुविधाको पर्याप्तता | ३३.३३ | ६६.६७ | १०० | ६६.६७ | ३३.३३ | १०० |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| ८) यस विद्यालयको जिल्ला स्तरीय परीक्षाको नतिजाको स्थिति<br>क) राम्रो छ/छैन<br>ख) ठिकै छ | <br><br><br>५०<br>५० | <br><br><br>५०<br>५० | <br><br><br>१००<br>१०० | <br><br><br>८३.३३<br>१६.६७ | <br><br><br>१६.६७<br>८३.३३ | <br><br><br>१००<br>१०० |
| ९) यस विद्यालयमा भएका अन्य सुविधाहरु जस्तैः विज्ञान प्रयोगशाला, पुस्तकालय, कम्प्युटर ल्याव, खेल मैदान, चमेना घर आदि | ३३.३३ | ६६.६७ | १०० | ६६.६७ | ३३.३३ | १०० |
| १०) विद्यालय नियमितता<br>क)जान्छु/जाँदिन<br>ख) कहिले काँही भ्याउँदिन | <br>६६.६७<br>३३.३३ | <br>३३.३३<br>६६.६७ | <br>१००<br>१०० | <br>८३.३३<br>१६.६७ | <br>१६.६७<br>८३.३३ | <br>१००<br>१०० |

स्रोतः स्थलगत अध्ययन, २०६७

उल्लेखित तालिका अध्ययन गर्दा सामुदायिक विद्यालयमा विद्यार्थीहरु पठनपाठन राम्रो भएर ३३.३३ प्रतिशत, कम खर्च लाग्ने भएर ३३.३३ प्रतिशत र बाबुआमाको इच्छाले ३३.३३ प्रतिशत विद्यार्थीहरु जाने गरेको देखिन्छ । जव कि संस्थागत विद्यालयमा पठनपाठन राम्रो भएर ८३.३३ प्रतिशत र १६.६७ प्रतिशत विदार्थीहरु बाबुआमाको इच्छाले पढ्न जाने गरेको पाइएको छ । पठनपाठन प्रतिको सन्तुष्टि सामुदायिक र संस्थागतमा क्रमशः ५० प्रतिशत र ८३.३३ प्रतिशत रहेको देखिन्छ । गृहकार्य दिने प्रवृत्ति, शैक्षिक सामाग्री निर्माण र प्रयोग, भौतिक सामाग्रीको व्यवस्थापनका सम्बन्धमा संस्थागत विद्यालयका विद्यार्थीहरुको तुलनमा सामुदायिक विद्यालयका विद्यार्थीहरुवाट कम सकारात्मक जवाफहरु प्राप्त भएका छन् । शुल्क तिर्नुपर्ने व्यवस्था रहेका संस्थागत विद्यालयहरुमा रहेका अन्य सुविधाहरु जस्तै विज्ञान प्रयोगशाला,पुस्तकालय, कम्प्युटर ल्याव, खेलमैदान, चेमनाघर आदिका सम्बन्धमा सामुदायिक र संस्थागत विद्यालयका विद्यार्थीहरुवाट क्रमशः ३३.३३ प्रतिशत र ६६.६७ प्रतिशत सकारात्मक जवाफहरु प्राप्त भएका छन् । विद्यार्थी नियमितता सामुदायिक विद्यालयको तुलनामा संस्थागत विद्यालयका विद्यार्थीहरुको बढी देखिन्छ । सामुदायिक विद्यालयमा अधिक विद्यार्थी संख्या रहेको कारण स्टफलवीमको लगानी मूल्यांङ्कनमा भनिए अनुसार पर्याप्त भौतिक सुविधाको अभाव रहेको प्रकृया मूल्यांकन अन्तगर्त गृहकार्य दिने

प्रवृत्ति न्यून रहेको, शैक्षिक सामग्री निर्माण र प्रयोग कम हुनु जस्ता कुराहरुले लगानी र प्रकृयामा कमजोरी रहेको मान्न सकिन्छ ।

## ४.५.३. अभिभावकको प्रतिक्रिया

यस प्रतिक्रियाका लागि छनौटमा परेका प्रत्येक सामुदायिक र संस्थागत विद्यालयहरुका २/२ जना का दरले जम्मा ६ वटा विद्यालयका १२ जना अभिभावकहरुलाई मिश्रित प्रश्नावली भराई प्रतिक्रिया लिने कार्य गरियो । ती अभिभावकहरुको प्रतिक्रियालाई निम्न अनुसार उल्लेख गरिएको छ ।

**तालिका नं. १५**

**अभिभावकहरुको प्रतिक्रिया विश्लेषण**

| क्र. सं. | विषय | सामुदायिक विद्यालय | | संस्थागत विद्यालय | |
|---|---|---|---|---|---|
| | | उ.सं. | प्रतिशत | उ.सं. | प्रतिशत |
| १ | तपाइँको छोरा,छोरी जाने विद्यालयमा | | | | |
| | क) छोरा संस्थागत,छोरी सामुदायिक | १ | १६.६७ | | |
| | ख) छोरा/छोरी दुवै सामुदायिक | २ | ३३.३३ | | |
| | ग) छोरी संस्थागत छोरा सामुदायिक | – | – | | |
| | घ) छोरा/छोरी दुवै संस्थागत | ३ | ५० | | |
| २ | छोरा/छोरीलाई यस विद्यालयमा पढाउनको कारण | | | | |
| | क) कमजोर आर्थिक स्थिति र खर्च कम लाग्ने भएकोले | ४ | ६६.६७ | – | – |
| | ख) पढाई राम्रो भएर | २ | ३३.३३ | ५ | ८३.३३ |
| | ग) अंग्रेजी माध्यममा पढाई भएर | – | – | १ | १६.६७ |
| ३ | यस विद्यालयको विद्यार्थीको पोशाक अनिवार्यता | ३ | ५० | ६ | १०० |
| | क) गरेको छ | १ | १६.६७ | – | – |
| | ख) छैन | २ | ३३.३३ | – | – |
| | ग) थाहा छैन | | | | |
| ४ | आफ्ना छोरा छोरीलाई खाजा(टिफिन)को व्यवस्था | १ | १६.६७ | ४ | ६६.६७ |

| | | | | | |
|---|---|---|---|---|---|
| | क) पठाउँछु | ३ | ५० | – | – |
| | ख) पठाउँदिन | २ | ३३.३३ | २ | ३३.३३ |
| | ग) कहिलकाँही मात्र पठाउँछु | | | | |
| ५ | आफ्ना नानीहरुले संधै गृहकार्य | | | | |
| | क) गर्छन | १ | १६.६७ | ५ | ८३.३३ |
| | ख) गर्दैनन् | २ | ३३.३३ | – | – |
| | ग) थाहा छैन | ३ | ५० | १ | १६.६७ |
| ६ | आफ्ना छोरा छोरीको पढाई प्रति सन्तुष्टि | | | | |
| | क) छ | ३ | ५० | ५ | ८३.३३ |
| | ख) छैन | ३ | ५० | १ | १६.६७ |
| ७ | आफ्ना नानीहरुको पठन पाठन बुझ्न विद्यालयमा जाने गरेको | | | | |
| | क) १ पटक | १ | १६.६७ | १ | १६.६७ |
| | ख) २ पटक | १ | १६.६७ | ४ | ६६.६७ |
| | ग) ३ वा ३ भन्दा बढी पटक | १ | १६.६७ | १ | १६.६७ |
| | घ) जाने गरेको छैन | ३ | ५० | – | – |
| ८ | आफ्ना नानीहरु पढ्ने विद्यालय कक्षा ८ मा शिक्षण गर्ने शिक्षकहरुको दक्षता | | | | |
| | क) सामान्य | ३ | ५० | १ | १६.६७ |
| | ख) दक्ष,योग्य | २ | ३३.३३ | ४ | ६६.६७ |
| | ग) कमजोर | १ | १६.६७ | १ | १६.६७ |
| | घ) अति कमजोर | – | – | – | – |
| ९ | शिक्षण सिकाइलाई बढी प्रभावकारी बनाउन जोड दिनु पर्ने कुरा | | | | |
| | क) शिक्षकलाई तालिम दिएर | १ | १६.६७ | १ | १६.६७ |
| | ख) सुविधा बढी दिएर | – | – | – | – |
| | ग) शैक्षिक व्यवस्थापनमा सुधार गरेर | १ | १६.६७ | – | – |
| | घ) विद्यार्थीलाई नियमितता हुन सहयोग गरेर | – | – | – | – |
| | ङ) माथिको सबै | ४ | ६६.६७ | ५ | ८३.३३ |
| १० | निम्न माध्यमिक तहमा विषयगत रुपमा | | | | |

| | | | | | |
|---|---|---|---|---|---|
| | शिक्षकहरुको व्यवस्था गरिएको | | | | |
| | क) छ | २ | ३३.३३ | ५ | ८३.३३ |
| | ख) छैन | १ | १६.६७ | – | – |
| | ग) थाहा छैन | ३ | ५० | १ | १६.६७ |
| ११ | तपाइँको नानी पढाईमा कमजोर छ भने यसो हुनाको कारण | | | | |
| | क) शिक्षकले समयसम्म विद्यालयमा नपढाएर | २ | ३३.३३ | १ | १६.६७ |
| | ख) परीक्षा संचालनमा राम्रो व्यवस्थापन | १ | १६.६७ | – | – |
| | नभएर | – | – | – | – |
| | ग) शिक्षक अभिभावक सम्पर्क नभएर | – | – | – | – |
| | घ) नानी नियमित नभएर | ३ | ५० | ५ | ८३.३३ |
| | ङ) माथिको सबै | | | | |
| १२ | जिल्लास्तरीय परीक्षामा बढी विद्यार्थी उत्तीर्ण गराउनका लागि सुझावहरु | | | | |
| | क) विद्यार्थी,शिक्षक नियमितता | १ | १६.६७ | – | – |
| | ख) शैक्षिक व्यवस्थापनमा सुधार | – | – | – | – |
| | ग) शिक्षक अभिभावक एवं विद्यार्थी वीच नियमित सम्पर्क तथा त्रिकोणात्मक सम्बन्धको विकास | – | – | १ | |
| | घ) परीक्षा संचालनमा राम्रो व्यवस्थापन, | १ | १६.६७ | १ | १६.६७ |
| | विषयगत तालिमप्राप्त शिक्षकको व्यवस्था | ४ | ६६.६७ | ४ | ६६.६७ |
| | ङ) माथिका सबै | | | | |

स्रोतः स्थलगत अध्ययन,२०६७

माथि प्रस्तुत तालिका हेर्दा १६.६७ प्रतिशतले छोरा संस्थागत र छोरी सामुदायिक विद्यालयमा भर्ना गर्ने गरेको, कमजोर आर्थिक स्थिति एवं कम खर्च लाग्ने भएकाले ६६.६७ प्रतिशत तथा पढाई राम्रो भएर ३३.३३ प्रतिशत अभिभावकले आफ्ना छोराछोरीहरु सामुदायिक विद्यालयमा पठाउँछन् भने राम्रो पढाई हुने तथा अंग्रेजी माध्यम हुनाले क्रमशः ८३.३३ प्रतिशत र १६.६७ प्रतिशतले संस्थागत विद्यालयमा पठाउँछन् । सामुदायिक विद्यालयम पोशाकको अनिवार्यता कडाइका साथ लागु नगरिएको, नानीहरुलाई साथमा खाजा(टिफिन) नपठाउने,गृहकार्य १६.६७ प्रतिशतले गर्ने गरेको जानकारी दिए भने ५०

प्रतिशतले  अनभिज्ञता प्रकट गरे । पढाइको सन्तुष्टिको पक्षमा ५० प्रतिशत देखिएका छन् । यसरी नै छोरा छोरीको पठनपाठन बुझ्न ५० प्रतिशत अभिभावकहरु विद्यालय नगएका देखिन्छन् । विषयगत शिक्षकको व्यवस्था रहे नरहेको थाहा नपाउने अभिभावकहरु ५० प्रतिशत छन् भने शिक्षकले गृहकार्य गर्ने प्रवृत्ति पनि न्यून देखिन्छ । अपर्याप्त भौतिक सामाग्री हुने सामुदायिक विद्यालयमा शैक्षिक सामग्रीको प्रयोग पनि कम नै हुने गरेको देखिन्छ ।

संस्थागत विद्यालय तर्फ पोशाक अनिवार्यता, छोराछोरीलाई खाजा(टिफिन)को व्यवस्था, नियमित गृहकार्य दिने प्रवृत्ति रहेको देखिन्छ भने गृहकार्य नबुझाए सजाय हुने गरेको पाइएको छ । शिक्षण सिकाइलाई प्रभावकारी बनाउँन शिक्षकलाई तालिम दिने, सुविधा बढी दिने, शैक्षिक व्यवस्थापनमा सुधार, विद्यार्थीलाई नियमित हुन सहयोग गर्नुपर्ने कुरामा दुवै प्रकारका विद्यालयका ६६.६७ प्रतिशत अभिभावकहरु सकारात्मक देखिन्छन् । जिल्ला स्तरीय परीक्षामा बढी उत्तीर्ण गराउन विद्यार्थी, शिक्षक नियमितता बढाउनु पर्नेमा १६.६७ प्रतिशत अभिभावकहरु तथा विद्यार्थी शिक्षक नियमितताको अतिरिक्त शैक्षिक भौतिक व्यवस्थापनमा सुधार, शिक्षक, अभिभावक, विद्यार्थी वीच नियमित सम्पर्क तथा त्रिकोणात्मक सम्बन्धको विकास,परीक्षा संचालनमा राम्रो व्यवस्थापन, विषयगत तालिम प्राप्त शिक्षकको व्यवस्था आदि हुनु पर्ने कुरामा दुवै प्रकारका विद्यालयका ६६.६७ प्रतिशत अभिभावकहरु सकारात्मक देखिएका छन् । यसबाट के देखिन्छ भने डेनियल स्टफलवीमको CIPP MODEL अन्तर्गत परिवेश, लगानी, प्रकृया र उपलब्धि मूल्याङ्कनमा भनिए अनुसार सामुदायिक र संस्थागत दुवै प्रकारका विद्यालयहरुमा मात्रात्मक रुपमा घटिबढी रहेका कमी कमजोरीहरु हटाउन र विद्यार्थीहरुको सिकाइ उपलब्धिलाई अधिकतम र गुणस्तरीय बनाउन आवश्यक सुधारहरु गर्नुपर्ने देखिन्छ ।

## ४.६.शिक्षासंग सम्बन्धित अन्य व्यक्तिहरुको प्रतिक्रिया

अध्ययन क्षेत्रको नमूनामा परेका विद्यालयका शिक्षक, विद्यार्थी, अभिभावकका अतिरिक्त प्रधानाध्यापक, निरीक्षक, वि.व्य.स., शि.अ.संघका पदाधिकारीहरु आदिवाट प्रश्नावली मार्फत प्राप्त भएको प्रतिक्रियाका आधारमा सामुदायिक विद्यालयको जिल्लास्तरीय परीक्षामा उपलब्धि न्यून हुनुलाई प्रभाव पार्ने तत्वहरु निम्नानुसार सूचीवद्ध गरिन्छ ।

### ४.६.१. सामुदायिक विद्यालयको उपलब्धिलाई प्रभाव पार्ने तत्वहरु

क)	अभिभावकको कमजोर आर्थिक अवस्था एवं जनचेतनाको अभाव हुनु ।

ख)	विद्यार्थी संख्याको अनुपातमा शिक्षक दरबन्दी नहुनु ।

ग)	सानो कक्षा देखि प्रमुख विषयहरुमा कमजोर उपलब्धि प्राप्त हुनु ।

घ)	अभिभावक र विद्यालय वीच सुमधुर सम्बन्धको अभाव रहेको छ ।

ङ)	शिक्षक, अभिभावक एवं विद्यार्थी वीच नियमित सम्पर्क तथा त्रिकोणात्मक सम्बन्धको विकास हुन सकेको छैन ।

च)	विद्यालयमा राजनैतिक हस्तक्षेप हुनु जस्तैः बन्द,हड्ताल आदि ।

छ)	परीक्षा पूर्व तयारीको अभाव हुनु ।

ज)	पाठ्यक्रम, पाठ्यपुस्तक, पाठ्यसामग्री समयमा उपलब्ध नहुनु ।

झ)	शिक्षण सिकाइ तथा पाठ्यक्रम प्रवोधिकरण सम्बन्धि तालिम उपलब्ध नहुनु ।

ञ)	फितलो शैक्षिक प्रशासन तथा व्यवस्थापन हुनु ।

ट)	अनुगमन तथा सुपरिवेक्षणको कमी हुनु ।

ठ)	अभिभावक आफ्ना छोरा छोरीको पढाई प्रति उदासीन हुनु ।

ड)	कक्षा पूरा संचालन नुहुन तथा कोर्स पूरा नहुनु ।

ढ)	परीक्षा संचालनमा राम्रो व्यवस्थापन नहुनु ।

ण)	गरिबीका कारण छोरा छोरीलाई घरेलु काममा लगाउनु पर्ने वाध्यता हुनु ।

## ४.६.२. समस्या समाधानका उपायहरु

माथि प्रस्तुत समस्याहरुमा आधारित रही सोही अनुकूल सुझावहरु समेत प्राप्त भएका थिए । जसलाई बुँदागत रुपमा निम्न अनुसार सूचिवद्ध गरिएको छ ।

क)	अभिभावकको आर्थिक अवस्था उकास्न राज्यवाट पहल गरिनु  पर्ने तथा जन चेतना बढाउनु पर्ने ।

ख)	विद्यार्थी संख्याको अनुपातमा विषयगत शिक्षक दरबन्दीको व्यवस्था गर्नुपर्ने ।

ग)	सानो कक्षा देखि नै राम्रो उपलब्धि ल्याउन सुधारात्मक उपायहरु अपनाउनु पर्ने । तथा तल्लो कक्षा देखि नै कमजोर विषयमा ध्यान दिइनु पर्दछ ।

घ)	विद्यालयलाई शान्तिक्षेत्र घोषणा गर्नुपर्छ । जस्तैः बन्द,हड्ताल आदिको प्रभाव पर्नु हुदैन ।

ङ)	सम्बन्धित विषय शिक्षकहरु तथा विद्यार्थीहरुलाई पाठ्यक्रम, पाठ्यपुस्तक, शिक्षक निर्देशिका, पाठ्य सामग्री शैक्षिक सत्रको शुरुमा नै उपलब्ध गराइनु पर्दछ ।

च)  प्रभावकारी शैक्षिक प्रशासन तथा व्यवस्थापन गरिनु पर्दछ । परीक्षा पूर्व तथा परीक्षा संचालन अवधिमा अनुगमन तथा सुपरिवेक्षण गरिनु पर्दछ ।

छ)  कोर्स पूरा गर्ने तथा कक्षा पूरा संचालन गर्ने वातावरण सृजना गरिनु पर्दछ ।

ज)  अंग्रेजी, गणित, विज्ञान जस्ता मुख्य विषयहरुमा अतिरिक्त कक्षा संचालनको व्यवस्था गरिनु पर्दछ ।

झ)  शैक्षिक सामग्री निर्माण, प्रयोग एवं प्रशोगशालाको व्यवस्था गरिनु पर्दछ ।

ञ)  विद्यालयको भौतिक व्यवस्थापन राम्रो हुनु पर्दछ ।

ट)  परीक्षाको लागि मानवीय तथा भौतिक व्यवस्थापन राम्रो हुनु पर्दछ ।

ठ)  अभिभावकले आफ्ना छोरा छोरीको पढाई प्रति निगरानी राख्नु पर्दछ ।

ड)  शिक्षक, अभिभावक एवं विद्यार्थी बीच नियमित सम्पर्क र त्रिकोणात्मक सम्बन्धको विकास गरिनु पर्दछ ।

ण)  शिक्षक विद्यार्थी नियमितता बढाउनु पर्दछ र शैक्षिक सत्रको शुरुमै वार्षिक कार्यतालिका बनाउनु पर्ने ।

## ४.६.३ संस्थागत विद्यालयमा सुधार गर्नुपर्ने कुराहरु

यस अध्ययनको नमूना छनोटमा परेका विद्यालयहरुवाट शिक्षासँग सम्बन्धित व्यक्तिहरुवाट प्राप्त प्रतिक्रियाका आधारमा संस्थागत विद्यालयको जिल्ला स्तरीय परीक्षामा उच्च उपलब्धि स्तर पाइएता पनि निम्न सुधारहरु गर्नुपर्ने देखिन्छ ।

क)  विषयगत शिक्षक नियुक्ति प्रक्रिया पुऱ्याएर गर्नुपर्ने ।

ख)  शिक्षकहरुलाई छोटो तथा लामो अवधिको तालिम दिइनु पर्ने ।

ग)  संस्थागत विद्यालयको पठनपाठन शैली डरत्रास देखाएर दण्ड दिने प्रकृतिको भएकोले त्यसमा सुधार गर्नुपर्ने दुखिन्छ ।

घ)  विद्यार्थी संख्या बढाउने प्रयत्न गर्नुपर्ने ।

ङ)  शिक्षक तथा कर्मचारीको तलब,भत्ता र अन्य सुविधा बढाउन आवश्यक ।

च)  संस्थागत विद्यालयहरु सेवाको भावना भन्दा पनि आर्थिक लाभको अभिप्रायवाट संचालन हुने गरेकाले शिक्षामा व्यापारीकरण हुने देखिन्छ, यस तर्फ ध्यान दिन जरुरी छ ।

छ)  विद्यालयको प्रशासन अधिनायकवादी चरित्रको हुने गरेकोले लोकतान्त्रिक बनाउनु पर्ने देखिन्छ ।

# परिच्छेद– पाँच
# प्राप्ति,निष्कर्ष र सुझावहरु

## ५.१ प्राप्तिहरु

अध्ययनको लागि नमूना छनौटमा परेका तीनवटा सामुदायिक र तीनवटा संस्थागत विद्यालयहरुको(२०६३–२०६६) चार वर्षको जिल्ला स्तरीय परीक्षाको नतिजालाई हेर्दा सामुदायिक विद्यालयहरु तर्फ श्री करफोक विद्यामन्दिर उ.मा.वि.को औसत ६३.८७ प्रतिशत,श्री फिक्कल उ.मा.वि.को ५८.८९ प्रतिशत र श्री कृष्णाश्रम उ.मा.वि.को ७३.६३ प्रतिशत उत्तीर्ण दर देखिन्छ । यसरी हेर्दा सामुदायिक विद्यालयहरुमा औसत ६५.४६ प्रतिशत विद्यार्थी उत्तीर्ण भएका, ४.१६ प्रतिशत विद्यार्थी परीक्षामा अनुपस्थित रहेका र ३४.५४ प्रतिशत विद्यार्थी अनुत्तीर्ण रहेको देखिन्छ । उत्तीर्ण विद्यार्थीहरुमा ६३.२२ प्रतिशत छात्र र ६७.८५ प्रतिशत छात्राहरु रहेको देखिन्छन् । पछिल्लो समयमा सामुदायिक विद्यालयको उत्तीर्ण दरको प्रवृत्ति घट्दै गएको देखिन्छ । संस्थागत विद्यालयतर्फ श्री सनराइज इङ्लिश वोर्डिङ्ग स्कूलले विगत चार वर्षमा(२०६३–२०६६) औसत ९९ प्रतिशत विद्यार्थी उत्तीर्ण गराउन सफल भएको छ भने श्री एभरलेण्ड ईङ्लिश वोर्डिङ स्कूलले शत प्रतिशत विद्यार्थी उत्तीर्ण गराएको देखिन्छ । यसै गरी नेपाली माध्यममा पठनपाठन हुने श्री पञ्चकन्या आवासीय माध्यमिक विद्यालयले विगत चार वर्षमा ९८.९६ प्रतिशत विद्यार्थी उत्तीर्ण गराएको छ । यस विद्यालयमा २०६६ सालदेखि अंग्रेजी माध्यममा समेत पठनपाठन गराउन थालेकोमा त्यस वर्ष अंग्रेजी माध्यममा परीक्षा दिएका ९ जना विद्यार्थीहरु मध्ये शत प्रतिशत विद्यार्थी उत्तीर्ण भएका छन् । संस्थागत विद्यालयहरुमा विगत चार वर्षमा ९९.३२ प्रतिशत विद्यार्थी उत्तीर्ण भएका छन् भने ०.६८ प्रतिशत मात्र अनुत्तीर्ण देखिन्छन् । संस्थागत विद्यालयहरुमा भर्ना भएका सबै विद्यार्थीहरु परीक्षामा समावेश भएको देखिन्छ ।

लिङ्गको आधारमा विश्लेषण गर्दा सामुदायिक विद्यालयमा छात्रहरुको तुलनामा छात्राहरुको भर्ना संख्या बढी देखिन्छ भने संस्थागत विद्यालयमा छात्रहरुको तुलनामा छात्राहरुको भर्ना संख्या कम देखिन्छ । सामुदायिक विद्यालयमा ६३.२२ प्रतिशत छात्र उत्तीर्ण देखिन्छन् भने ६७.८५ प्रतिशत छात्राहरु उत्तीर्ण भएका छन् । परीक्षामा अनुपस्थित हुनेमा छात्राहरुको तुलनामा छात्रहरु नै बढी देखिएका छन् । संस्थागत विद्यालयहरुमा ९९.४३ प्रतिशत छात्रहरु र ९८.९७ प्रतिशत छात्राहरु उत्तीर्ण देखिन्छन् । यसवाट संस्थागत विद्यालयका छात्र–छात्रा वीच उपलब्धिमा खासै अन्तर नरहेको प्रष्ट हुन्छ । उल्लेखित तथ्यका आधारमा सामुदायिक विद्यालयको पठनपाठनमा सुधार गर्नुपर्ने देखिन्छ भने

संस्थागत विद्यालयका शिक्षक तथा कर्मचारीहरुलाई आकर्षक पारिश्रमिक सुविधा प्रदान गर्नु पर्दछ । यस अध्ययनवाट प्राप्त भएका तथ्यहरुलाई  यस पछिको अनुच्छेदमा उल्लेख गरिएको छ ।

विद्यमान जिल्लास्तरीय परीक्षा प्रणालीमा सुधार गर्न आवश्यक रहेको देखिन्छ । समाजका सबै वर्गहरु संस्थागत विद्यालयहरु प्रति आकर्षक बढेको पाइन्छ । यसो हुनुको मुख्य कारण स्तरीय शिक्षा नै हो । अधिकांश सामुदायिक विद्यालयहरुको शैक्षिक स्तर राम्रो मान्न सकिंदैन । सामुदायिक विद्यालयमा विद्यार्थी संख्या धेरै र संस्थागत  विद्यालयमा थोरै विद्यार्थी रहेको पाइएको छ । सामुदायिक विद्यालयमा छात्राहरु र संस्थागत विद्यालयमा छात्रहरु बढी संख्यामा पाइयो । सामुदायिक विद्यालयवाट परीक्षामा केही विद्यार्थी अनुपस्थित रहने गरेको पाइयो । सामुदायिक विद्यालयको तुलनामा संस्थागत विद्यालयको उपलब्धि उच्च पाइयो । सामुदायिक र संस्थागत विद्यालयका छात्रहरु एवं छात्राहरु वीच उपलब्धिमा निकै ठूलो अन्तर पाइयो ।

## ५.२. निष्कर्ष

"जिल्लास्तरीय परीक्षा र सिकाइ उपलब्धिको विश्लेषण" रहेको यस शोधपत्र अनुसार शोधकार्य गर्दा विद्यमान परीक्षा प्रणालीमा केही कमी कमजोरीहरु रहेको देखिन्छ । सामुदायिक विद्यालयका छात्रछात्राहरुको तुलनामा संस्थागत विद्यालयका छात्र–छात्राहरुको सिकाइ उपलब्धि उच्च देखिन्छ । संस्थागत विद्यालयका छात्रहरु र छात्राहरुको उपलब्धिमा खासै भिन्नता नरहेको पाइयो । सामुदायिक विद्यालयका छात्रहरुको तुलनामा छात्राहरुको उपलब्धि केही उच्च देखियो । सामुदायिक विद्यालयमा विद्यार्थी चाप अत्याधिक छ तर लगानी अनुसार प्रतिफल कम देखिन्छ । सामुदायिक विद्यालयमा प्रभावकारी अनुगमनको अभाव एवं स्थायी शिक्षकहरु हुने हुनाले पेशागत सुरक्षाका कारण शिक्षकहरु लगनशील देखिदैनन् । सामुदायिक विद्यालयमा छात्रा प्रतिशत बढी र संस्थागत विद्यालयमा छात्रा प्रतिशत कम हुनुले  इलाम जिल्लामा लैङ्गिक विभेद अझै कायम रहेको देखिन्छ किन भने उनीहरु छोरालाई संस्थागत विद्यालयमा र छोरीलाई सामुदायिक विद्यालयमा भर्ना गर्ने गर्दछन् ।

## ५.३. सुझावहरु

इलाम जिल्ला अर्न्तगत जिल्लास्तरीय परीक्षा प्रणाली र विद्यार्थीहरुको जिल्लास्तरीय परीक्षामा सिकाइ उपलब्धिको विश्लेषण एवं तुलनात्मक अध्ययन गर्ने क्रममा प्राप्त तथ्याङ्क,

शिक्षासंग सम्बन्धित व्यक्तिहरुवाट प्रश्नावलीमा व्यक्त प्रतिक्रियाका आधारमा विश्लेषण गर्दा निम्न सुझावहरु दिइएका छन् -

विषय विशेषज्ञद्वारा प्रश्नपत्र निर्माण गर्ने, विद्यालयका नतिजाका आधारमा पुरस्कार र दण्डको व्यवस्था गर्ने, परीक्षा संचालन तथा व्यवस्थापनमा सुधार गरी अन्य आवश्यक सुधारहरु गर्नुपर्दछ । संस्थागत विद्यालयको तुलनामा सामुदायिक विद्यालयमा विद्यार्थी चाप अधिक भएकाले विषयगत रुपमा शिक्षक दरबन्दी थप गर्नु पर्ने देखिन्छ । परीक्षा प्रणालीलाई व्यवस्थित गर्न विषयगत शिक्षकवाट प्रश्नपत्र निर्माण गराई परीक्षा संचालन, नतिजा प्रकाशन समेतका कार्यहरु विद्यालय तहबाट नै गरिनु पर्ने तथा शिक्षक विद्यार्थी नियमितता बढाउनु पर्दछ । शिक्षक, अभिभावक, विद्यार्थीवीच नियमित सम्पर्क र त्रिकोणात्मक सम्बन्धको विकास गरिनु पर्दछ । सम्बन्धित विषय शिक्षकहरुलाई पाठ्यक्रम, पाठ्यपुस्तक एवं शिक्षक निर्देशिका तथा विद्यार्थीहरुलाई पाठ्यपुस्तक, पाठ्यसामग्रीहरु शैक्षिक सत्रको शुरुमा नै उपलब्ध गराइनु पर्दछ । तल्लो कक्षादेखि नै कमजोर विषयमा विशेष ध्यान दिइनु पर्दछ । प्रभावकारी शैक्षिक प्रशासन तथा भौतिक व्यवस्थापन गरिनु पर्दछ । अभिभावकले भेदभावरहित ढंगले छोरा छोरी प्रति समान व्यवहार एवं उनीहरुको पठनपाठन प्रति निगरानी राख्नु पर्दछ । विद्यालयलाई शान्तिक्षेत्र घोषणा गर्नुपर्दछ । बन्द, हड्ताल, हिंसात्मक गतिविधिको प्रभाव पर्न दिनु हुदैन । कोर्स पूरा गर्ने तथा कक्षा पूरा संचालन गर्ने वातावरण सृजना गरिनु पर्दछ । शैक्षिक सामग्री निर्माण एवं प्रयोगमा जोड दिइनु पर्दछ । परीक्षा पूर्व तथा संचालन अवधिमा अनुगमन तथा सुपरिवेक्षण गरिनु पर्दछ । संस्थागत विद्यालयका शिक्षकहरुलाई समेत सहभागी गराई शिक्षकहरुको दक्षता अभिवृद्धि गर्न छोटो तथा लामो अवधिको तालिम सम्बन्धित स्रोत केन्द्र भित्रै प्रदान गर्ने व्यवस्था गर्नु आवश्यक देखिन्छ । संस्थागत विद्यालयहरुमा न्यून विद्यार्थी संख्या रहेकाले विद्यार्थी संख्या बढाउने प्रयत्न गरिनुपर्दछ । संस्थागत विद्यालयको पठनपाठन शैली डर,त्रास देखाएर दण्ड दिने प्रकृतिको भएकोले त्यसमा सुधार गर्नुपर्ने देखिन्छ । संस्थागत विद्यालयका शिक्षक तथा कर्मचारीको तलब, भत्ता र अन्य सुविधा बढाउनु पर्ने देखिन्छ । संस्थागत विद्यालयहरु सेवाको भावना भन्दा पनि आर्थिक लाभको अभिप्रायवाट संचालन हुने गरेकाले शिक्षामा व्यापारीकरण हुने देखिन्छ, यसतर्फ ध्यान दिन जरुरी छ ।

## सन्दर्भ सामग्रीहरु


अधिकारी, विष्णु प्रसाद; (२०६६),*माध्यमिक शिक्षा दिग्दर्शन:* आशिष पुस्तक भण्डार, बाग बजार, काठमाण्डौ ।

कोइराला, विद्यानाथ; र श्रेष्ठ, चन्द्र बहादुर;(२०६४), ***शैक्षिक व्यवस्थापन र संगठनात्मक व्यवहार*** : विद्यार्थी पुस्तक भण्डार, भोटाहिटी, काठमाण्डौ ।

ज.व.रा.स्वयम् प्रकाश; श्रेष्ठ, चन्द्र बहादुर; र रञ्जितकार, किरणराम; (२०६४), ***शिक्षामा मापन तथा मूल्याङ्कन*** : विद्यार्थी पुस्तक भण्डार, भोटाहिटी, काठमाण्डौ ।

शर्मा, गोपिनाथ; (२०५७), ***नेपालको शिक्षाको इतिहास:*** लुम्बिनी पुस्तक भण्डार, काठमाण्डौ ।

शर्मा, चिरञ्जीवि; (२०५८), ***शिक्षाका आधारहरु*** : एम. के. पब्लिशर्स एण्ड डिष्ट्रिव्युटर्स, भोटाहिटी, काठमाण्डौ ।

कोइराला, विद्यानाथ; र श्रेष्ठ, चन्द्र बहादुर;(२०६४), ***पुर्व उल्लेखित ।***

शर्मा, चिरञ्जिवी; र शर्मा निर्मला(२०६५), ***शिक्षाको परिचय*** : एम.के.पब्लिशर्स एण्ड ड्रिष्ट्रिव्यूटर्स, भोटाहिटी, काठमाण्डौ ।

***उच्चस्तरीय राष्ट्रिय शिक्षा आयोगको प्रतिवेदन*** (२०५५), उच्च स्तरीय राष्ट्रिय शिक्षा आयोग : केशरमहल, काठमाण्डौ ।

***राष्ट्रिय शिक्षा आयोगको प्रतिवेदन*** (२०४९), राष्ट्रिय शिक्षा आयोग: केशरमहल, काठमाण्डौ ।

***शिक्षा ऐन, २०२८*** सातौं संशोधन (२०५८), हिमाली प्रकाशन: डिल्ली बजार, काठमाण्डौ ।

***शिक्षा नियमावली*** (२०५९) : हिमाली प्रकाशन, डिल्लीवजार, काठमाण्डौ ।

***परीक्षा नियन्त्रण कार्यालय*** (२०५९): सानोठिमी, भक्तपुर ।

***विद्यालय क्षेत्र सुधार योजना*** (२०६६), शिक्षा मन्त्रालय : केशर महल, काठमाण्डौ ।

***विश्व बैंकको प्रतिवेदन*** (१९९०), विश्व बैंक ।

Thapa, Bijaya Kumar (1987), Teacher Training for Quality Education, ***Education for Development***

Terman L.N. & Tyler L.E.(1942): Sex Differences in Abolition. In Carmichael L(ED) 1954, ***Manual of Child psychology*** (New York).

***Population Monograph*** (2003), Ministry of Education & Sports, office of the controller of Examination.

CERID(1989), ***Performance level of public and private school*** Kathmandu, T.U.

CERID(1983), ***Ibid.***

Pokharel, R.R.;(2060), ***A comparative study of science Achievement of Kathmandu District*** Unpublished M.Ed. Thesis, submitted to FOE, T.U.

Gurung,Gem Prasad;(2060), ***A study of the problem faced by secondary school science teacher in classroom teaching at Kaski district*** Unpublished M.Ed. Thesis, Submitted to FOE, T.U.

आचार्य, के.पी.;(२००२), ***काठमाण्डौ उपत्यका विज्ञान संकाय अन्तर्गत रसायन शास्त्रका विद्यार्थीहरुको र शिक्षाशास्त्र संकायका विद्यार्थीहरुको शैक्षिक उपलब्धिको तुलनात्मक अध्ययन,*** अप्रकाशित एम.एड.शोधपत्र, शिक्षा विभाग, त्रि.वि. कीर्तिपुरमा प्रस्तुत ।

घिमिरे, टी.पी;(२०६०), ***धनकुटा जिल्लाका कक्षा ६ मा अध्ययनरत विज्ञान विषयमा ग्रामिण र सहरिया विद्यालयका विद्यार्थीहरुको शैक्षिक उपलब्धिको तुलनात्मक अध्ययन,*** अप्रकाशित एम.एड.शोधपत्र, शिक्षा विभाग, त्रि.वि.मा प्रस्तुत ।

काफ्ले,इश्वरी प्रसाद;(२०६०), ***काठमाण्डौ जिल्लाका सामुदायिक र संस्थागत विद्यालयका विद्यार्थीहरुको नेपाली विषयको जिल्ला स्तरीय परीक्षाको तुलनात्मक अध्ययन,*** अप्रकाशित एम.एड. शोधपत्र, शिक्षा विभाग, त्रि.वि.मा प्रस्तुत ।

पौडेल,अर्जुन;(२०६५), ***सिन्धुपाल्चोक जिल्लाका निजी तथा सामुदायिक विद्यालयमा शैक्षिक उपलब्धिको तुलनात्मक अध्ययन,*** एम.एड. शोधपत्र, शिक्षा विभाग,त्रि.वि.मा प्रस्तुत ।

पौडेल, रुद्रमणि; (२०६५), ***कास्की जिल्लाका सामुदायिक र संस्थागत विद्यालयहरुमा जिल्ला स्तरीय परीक्षाको विज्ञान विषयमा विद्यार्थीहरुले प्राप्त गरेको शैक्षिक उलब्धिको तुलनात्मक अध्ययन,*** एम.एड.शोधपत्र,शिक्षा विभाग,त्रि.वि.मा प्रस्तुत ।

***Flash Report*** (2067), जिल्ला शिक्षा कार्यालय, इलाम ।

*जिल्लास्तरीय परीक्षा प्रणाली र सिकाइ उपलब्धिको विश्लेषण*

## अनुसूची–१

**संस्थागत र सामुदायिक  विद्यालयमा पढाउने शिक्षकहरुका लागि प्रश्नावली**

विद्यालयको नाम ठेगानाः-............................................प्रकारः-.................

शिक्षकको नाम थरः-............................................... पढाउने विषयः-

...................

उमेरः– ......................                                                    लिङ्गः–...................

---

१. जिल्लास्तरीय परीक्षा प्रणालीको वर्तमान अवस्था कस्तो छ ?

क. उपयुक्त     ख. अनुपयुक्त

२. हालको कक्षा आठको शिक्षणको समय अनुकुल छ कि छैन?

क. छ,          ख. छैन          ग. परिवर्तन आवश्यक छ

३. कक्षा ८ मा तपाईंले आफ्नो विषयको शिक्षण सिकाइ क्रियाकलाप गर्दा विद्यार्थीहरु सिक्नमा कत्तिको उत्सुकता देखाउँछन् ?

क. ज्यादै उत्सुक      ख.उत्सुक      ग.कम उत्सुक         घ.अति कम उत्सुक

४. तपाइँलाई आफ्नो पठन–पाठन कस्तो लागेको छ ? कारण दिनुहोस् ।

उत्तरः–...............................................................................

५. तपाइँले आफ्नो विषय शिक्षणका लागि लामो वा छोटो अवधिको तालिम प्राप्त गर्नु भएको छ कि छैन ?

क. लामो अवधि लिएको छु । ............महिना .................वर्ष

ख. छोटो अवधि लिएको छु । ............महिना .................वर्ष

ग. कुनै तालिम लिएका छैन ।

६. तपाइँको विद्यालयले दिएको मासिक पारिश्रमिक पर्याप्त छ?

उत्तरः-...............................................................................

७. जिल्ला स्तरीय परीक्षामा प्रायः मुख्य विषयहरुमा विद्यार्थीहरु अनुत्तीर्ण हुने कारणहरु के–के होलान् ?

क. शैक्षिक सामाग्रीको अपार्यप्तता      ख. परीक्षा प्रणाली तथा व्यवस्थापन पक्ष कमजोर ।

ग. परीक्षा सम्बन्धी विद्यार्थीलाई उत्साह नहुनु  घ.अतिरिक्त कक्षाको व्यवस्था नुहुनु

ङ.माथिका सबै

८. वर्तमान जिल्ला स्तरीय परीक्षा सञ्चालन प्रक्रियामा परिवर्तन आवश्यक छ कि छैन ?

क. छ    ख. छैन    ग. परीक्षा विद्यालय आफैले संचालन गर्नुपर्छ ।

घ. छ । प्रश्न पत्र विषय शिक्षकद्वारा निर्माण गरी परीक्षा संचालन एवं नतिजा प्रकाशन समेत विद्यालय आफैले गर्नुपर्छ ।

९. जिल्ला स्तरीय परीक्षामा धेरै विद्यार्थीहरु अनुत्तीर्ण हुनमा दोषी कसलाई ठान्नु हुन्छ ?

क. विद्यार्थीलाई    ख. शिक्षकलाई    ग. विद्यालय प्रशासनलाई

घ. अभिभावकलाई    ङ.जि.शि.का.लाई

१०.तपाइँको विचारमा अंग्रेजी,गणित,विज्ञान जस्ता प्रमुख विषयहरुमा विद्यार्थीहरुलाई बढी उत्तीर्ण गराउने उपायहरु के के हुन सक्छन् ?

उत्तरः– क.........................................................................................

ख.........................................................................................

ग.........................................................................................

११. वर्तमान जिल्ला स्तरीय परीक्षा प्रणालीलाई सुधार गर्न के के उपाय दिन सक्नु हुन्छ ?

क. विषय विशेषज्ञवाट प्रश्न पत्र निर्माण गर्ने वर्तमान प्रणालीलाई थप प्रभावकारी बनाउने

ख. विषयगत शिक्षक दरबन्दीको व्यवस्थालाई प्रभावकारी बनाएर

ग. उत्तीर्ण विद्यार्थीको अनुपातमा शिक्षकलाई पुरस्कार र दण्डको नीति अपनाएर

घ. परीक्षा संचालन तथा व्यवस्थापनमा सुधार गरेर

ङ.माथिका वाहेक अन्य थप भएमा...........................................

१२. विद्यार्थीको  शैक्षिक उपलब्धिमा प्रभाव पार्ने तत्वहरु के के होलान् ?

क. विद्यार्थी नियमितता    ख. भौतिक पूर्वाधार

ग. अनुशासन    घ. शिक्षक–विद्यार्थी वीच सम्बन्ध

ङ. शिक्षण तालिम    च. पाठ्यक्रमको गुणस्तर    छ. माथिका सबै

१३. विद्यार्थीहरुको शैक्षिक उपलब्धि वृद्धि गर्न के के उपायहरु अवलम्वन गर्न सकिएला?

क.........................................................................................

ख.........................................................................................

ग.........................................................................................

*जिल्लास्तरीय परीक्षा प्रणाली र सिकाइ उपलब्धिको विश्लेषण*

## अनुसूची–२

**सामुदायिक विद्यालयमा पढ्ने विद्यार्थीहरुका लागि प्रश्नावली**

विद्यालयको नामः–................................ विद्यार्थीको नामः–...........................

कक्षाः– आठ उमेरः–..........................

छात्र / छात्राः–

---

प्रश्नहरुः–

१. तपाइँले किन सामुदायिक विद्यालयमा पढेको?

क) पढाई राम्रो भएर ख) कम खर्च लाग्ने भएर ग) वावु–आमाको इच्छाले

२. तपाइँ विद्यालयको पठन पाठन देखि सन्तुष्ट हुनु हुन्छ ?

क) छु, कारणः–

ख) छुइन,कारणः–

३.तपाइँले विद्यालयमा कुनै शुल्क तिर्नु हुन्छ ? तिर्नुहुन्छ भने वर्षमा कति तिर्नु हुन्छ ?

क) तिर्छु ................. ख) तिर्दिन

४. तपाइँलाई विद्यालयका शिक्षकले गृहकार्य दिनुहुन्छ ?

क) दिनु हुन्छ ख) दिनु हुन्न ग) कहिलेकाँही दिनु हुन्छ

५. तपाइँले गृहकार्य नबुझाएमा विद्यालयका शिक्षकहरुले के गर्नु हुन्छ ?

क. सजाय गर्नुहुन्छ ख. केही पनि गर्नु हुन्न

६. तपाइँको कक्षामा अध्यापन गर्ने शिक्षकहरुले शैक्षिक सामग्रीहरुको प्रयोग गर्नु हुन्छ?

क.धेरै गर्नुहुन्छ ख. थोरै गर्नुहुन्छ ग.गर्नुहुन्न

७. तपाइँको विद्यालयमा भौतिक सुविधा पर्याप्त छन्?

क. छन् ख. छैनन

८. तपाइँको विद्यालयले जिल्लास्तरीय परीक्षामा राम्रो नतिजा ल्याउन सकेको छ ?

क. छ ख. छैन ग. ठिकै छ

९. तपाइको विद्यालयमा अन्य के के सुविधाहरु छन् ?

क. विज्ञान प्रयोगशाला ख. पुस्तकालय ग. चमेनाघर

घ. खेल मैदान ङ. माथिका सबै

१०. तपाइँ नियमित रुपमा विद्यालय जानु हुन्छ ?

क. जान्छु　　　　　ख. जाँदिन　　ग. कहिले काँही भ्याउदिन

११. तपाइँ विगतको जिल्लास्तरीय परीक्षाको परिणामवाट सन्तुष्ट हुनुहुन्छ ?

क. छु　　　ख. छुइन　　ग. केही हदसम्म सन्तुष्ट छु

१२. तपाइँको विद्यालय घरबाट कति टाढा छ ?

क.५–१० मिनेट　　ख. १०–३० मिनेट　　ग. ३० मिनेट भन्दा बढी

# अनुसूची–३

**संस्थागत विद्यालयमा पढ्ने विद्यार्थीहरुका लागि प्रश्नावली**

विद्यालयको नामः–..................................विद्यार्थीको नामः–..............................

कक्षाः– आठ उमेरः–...................................

छात्र/छात्राः–

---

प्रश्नहरुः–

१. तपाई किन निजी विद्यालयमा पढ्न चाहनु हुन्छ? कारणहरु उल्लेख गर्नुहोस् ।

क.पठनपाठन राम्रो भएर

ख.अंग्रेजी माध्यम भएर

ग. माथिका सबै

२. तपाइँ प्रत्येक महिना कति रुपियाँ विद्यालयलाई तिर्नु हुन्छ?

उत्तर.......................................

३. तपाइँ विद्यालयको पढाइ देखि सन्तुष्ट हुनु हुन्छ? कारणहरु दिनुहोस् ।

क. छु, कारण..................................

ख. छुइन, कारण...........................

४. तपाइँले सामुदायिक विद्यालयमा नपढ्नुका कारणहरु के के हुन्?

क. बाबु आमाले नपढाएर

ख. पढाई राम्रो नभएर

ग. अंग्रेजी माध्यममा पढाइ नभएर

घ. माथिका सबै

५. तपाईको विद्यालयमा पर्याप्त भौतिक सुविधाहरु छन्?

क. छन्, ख. छैनन् ग. ठिकै मात्र

६. तपाइँको कक्षामा शिक्षकहरुले शैक्षिक सामग्रीको प्रयोग गर्नु हुन्छ?

क. गर्नु हुन्छ, ख. गर्नु हुन्न ग. कहिले काँही मात्र

७. तपाइँलाई विद्यालयका शिक्षकले गृहकार्य दिनुहुन्छ कि दिनु हुन्न?

क. सधैं दिनु हुन्छ, ख. दिनु हुन्न, ग. कहिले काँही मात्र दिनु हुन्छ ।

८. तपाइँले गृहकार्य नबुझाएमा विद्यालयका शिक्षकहरुले के गर्नु हुन्छ?

क. सजाय गर्नु हुन्छ,      ख. केही गर्नु हुन्न

९. तपाइँको विद्यालयमा अन्य के के सुविधाहरु छन्?

क. खेल मैदान,      ख. विज्ञान प्रयोगशाला,      ग. कम्प्यूटर ल्याव

घ.पुस्तकालय      ङ.माथिका सबै

१०. तपाइँको विद्यालयले जिल्लास्तरीय परीक्षामा राम्रो नतिजा ल्याउन सकेको छ?

क. छ,      ख. छैन,      ग.ठिकै छ

११. तपाइँ विगतको जिल्ला स्तरीय परीक्षाको परिणामबाट सन्तुष्ट हुनु हुन्छ ?

क. छु      ख. छुइन

१२. तपाइँको विद्यालय घरबाट कति टाढा छ ?

क. ५–१०मिनेट      ख. १०–३० मिनेट

ग. ३० मिनेट भन्दा बढी      घ. विद्यालयको गाडीले लैजान्छ

१३. तपाइँ नियमित रुपमा विद्यालय जानु हुन्छ ?

क. जान्छु      ख. जाँदिन      ग.कहिलेकाँही जान्न

## अनुसूची–४

**सामुदायिक विद्यालयमा भर्ना गर्ने अभिभावकको लागि प्रश्नावली**

अभिभावकको नाम,थरः–..........................................................................

छोरा/छोरीको नामः–..........................................................................

उमेरः–...........................

शैक्षिक योग्यताः–.......................................... लिङ्गः–.......................

१. तपाइँका नानीहरु कुन विद्यालयमा पढ्न जान्छन्?

क. छोरा संस्थागत, छोरी सामुदायिक

ख. छोराछोरी दुवै सामुदायिक

ग.छोरी संस्थागत छोरा सामुदायिक

घ. छोराछोरी दुवै संस्थागत

२. तपाइँले आफ्ना छोरा छोरीलाई किन यस विद्यालयमा पढाएको ?

क. कमजोर आर्थिक स्थिति र कम खर्च लाग्ने भएकोले

ख. पढाई राम्रो भएर

ग. अंग्रेजी माध्यममा पढाई भएर

३. तपाइँको विद्यालयले विद्यार्थी पोसाक अनिवार्य गरेको छ?

क. गरेको छ ख. गरेको छैन ग. थाहा छैन

४. तपाइँ आफ्ना छोरा/छोरीलाई टिफिन(खाजा) पठाउनु हुन्छ ?

क. पठाउँछु ख. पठाउँदिन ग. कहिलेकाँही मात्र पठाउँछु

५. तपाइँको छोरा/छोरीले सँधै गृहकार्य गर्छन् ?

क. गर्छन ☐ ख. गर्दैनन् ☐ ग. गर्दैनन् भने किन गर्दैनन्?................

६. तपाइँ आफ्ना छोरा/छोरीको पढाई प्रति सन्तुष्ट हुनुहुन्छ?

क. छु ख. छुइन

७. आफ्ना छोरा/छोरीको पठनपाठन वारे बुझ्न विद्यालयमा वर्षको कति पटक जाने गर्नु भएको छ ?

क. १ पटक ख. २ पटक ग. ३ वा ३ भन्दा बढी पटक घ. जाने गरेको छैन

८. तपाइँको विद्यालयमा कक्षा ८ मा शिक्षण गर्ने शिक्षकहरुको दक्षता कस्तो छ ?

क. सामान्य ख. दक्ष,योग्य ग.कमजोर घ.अति कमजोर

९. शिक्षण सिकाइलाई बढी प्रभावकारी बनाउन तलका मध्ये कुन कुरालाई बढी प्राथमिकता दिनु पर्ला ?

क.शिक्षकलाई तालिम दिएर ख.सुविधा बढी दिएर ग.शैक्षिक व्यवस्थापनमा सुधार गरेर ग.विद्यार्थीलाई नियमित हुनमा सहयोग गरेर ङ.माथिका सबै

१०. निम्न माध्यमिक तहका विषयगत रुपमा शिक्षकहरुको व्यवस्था गरिएको छ, कि छैन?

क. छ, ख. छैन ग. थाहा छैन

११. तपाईको नानी पढाइमा कमजोर छ भने कमजोर हुनाका कारणहरु के-के हुन सक्छन्?

क. शिक्षकले समयसम्म विद्यालयमा नपढाएर

ख. परीक्षा सञ्चालनमा राम्रो व्यवस्थापन नभएर

ग. समयमा शिक्षक-अभिभावक वीच सम्पर्क नभएर

घ. नानी विद्यालयमा नियमित नभएर

ङ. अन्य

१२. जिल्ला स्तरीय परीक्षामा बढी विद्यार्थीहरु उत्तीर्ण गराउनका लागि तपाईको सुझाव के हुन सक्छ?

क. ..................................

ख. ..................................

ग. ..................................

घ. ..................................

## अनुसूची–५

**शिक्षा संग सम्वन्धित व्यक्तिहरु प्रधानाध्यापक वि.नि. वि.व्य.स.शि.अ संघ, गाउँ शिक्षा समितिका पदाधिकारीहरु आदिको प्रतिक्रिया प्राप्त गर्न सोधिने प्रश्नावलीः-**

कार्यालयको नामः-..............................................................................

व्यक्तिको नाम, ठेगानाः-..................................................................

दर्जाः-................... अनुभव वर्षः-......................

शैक्षिक योग्यताः-.................................. तालिमः-....................

---

१. सामुदायिक विद्यालयका विद्यार्थीहरुका के के समस्या हुन सक्छन् ?

क..........................................................................................................

ख..........................................................................................................

ग..........................................................................................................

२.संस्थागत विद्यालयका विद्यार्थीहरुका के के समस्याहरु हुन सक्छन् ?

क..........................................................................................................

ख..........................................................................................................

ग..........................................................................................................

३. सामुदायिक र संस्थागत विद्यालयहरु वीच शिक्षण सिकाइ क्रियाकलापमा भिन्नता छ ? छ भने बुँदागत रुपमाः–

क..........................................................................................................

ख..........................................................................................................

ग..........................................................................................................

घ..........................................................................................................

४. तपाइँले विभिन्न विषय शिक्षकहरुलाई आवश्यक राय, सल्लाह दिने गर्नु भएको छ ?

क. गरेको छु ख. छैन ग. कहिले काँही

५. शिक्षकहरुलाई तालिम वा सेमिनारमा भाग लिने सल्लाह दिने गर्नु भएको छ ?

क. छु ख. छुइन ग. आवश्यक पर्दा दिने गरिएको छ

६. छात्र–छात्रा वीचका समस्याहरुको समानता र असमानता के के हुन सक्छन् ?

क..........................................................................................................

ख..........................................................................................................

ग.........................................................................................................

घ.........................................................................................................

७.सामुदायिक विद्यालयका शिक्षकहरुका के के समस्याहरु हुन सक्छन् ?

क.........................................................................................................

ख.........................................................................................................

ग.........................................................................................................

८.संस्थागत विद्यालयका शिक्षकहरुका के के समस्याहरु हुन सक्छन् ?

क.........................................................................................................

ख.........................................................................................................

ग.........................................................................................................

९. शिक्षकहरुलाई शैक्षिक सामग्री निर्माण, संकलन र प्रदर्शन गर्न सहयोग पुऱ्याउनु भएको छ ?

क. छु ख. छुइन

१०. छात्र–छात्राहरुको उपलब्धिमा फरक पाउनु हुन्छ ?

क. फरक छ ख. फरक हुदैन

ग. खासै फरक छैन घ. त्यसमा ध्यान दिएका छैन

११. सामुदायिक र संस्थागत विद्यालयका विद्यार्थीहरुको शैक्षिक उपलब्धिमा फरक पाउनु हुन्छ ?

क. फरक हुन्छ ख. फरक छैन ग. खासै फरक हुदैन

१२. सामुदायिक र संस्थागत विद्यालय वीच के के कुरामा फरक पाउनु हुन्छ ?

उत्तरः–...............................................................................................................

...............................................................................................................

...............................................................................................................

१३.सामुदाअियक र संस्थागत विद्यालयहरु वीच एकरुपता ल्याउन के के उपायहरु अपनाउन सकिन्छ ?

क.........................................................................................................

ख.........................................................................................................

ग.........................................................................................................

१४. विद्यार्थीहरुको शैक्षिक उपलब्धिमा प्रभाव पार्ने तत्वहरु के के होलान् ?

क.............................................................................................................

ख.............................................................................................................

ग.............................................................................................................

१५. विद्यार्थीहरुको शैक्षिक उपलब्धि वृद्धि गर्न के–के उपायहरु अवलम्वन गर्न सकिएला?

क.............................................................................................................

ख.............................................................................................................

ग.............................................................................................................

**अनुसूची–६**

**करफोक स्रोत केन्द्रगतका नि.मा.वि.,मा.वि. र उच्च मा.वि.हरुको नामावली**

| सि.नं. | विद्यालयको नाम | ठेगाना | संचालित कक्षा |
|---|---|---|---|
| १ | श्री करफोक विद्यामन्दिर उच्च मा.वि. | पंचकन्या–७,इलाम | ६–१२ |
| २ | श्री वीरेन्द्र मा.वि. | पंचकन्या–९,इलाम | १–१० |
| ३ | श्री पुण्यस्मारिका नि.मा.वि. | पंचकन्या–८,इलाम | १–८ |
| ४ | श्री गणेश्वरी नि.मा.वि. | पंचकन्या–९,इलाम | १–९ |
| ५ | श्री फिक्कल उ.मा.वि. | फिक्कल–६,इलाम | १–१२ |
| ६ | श्री दियालो नि.मा.वि. | फिक्कल–४,इलाम | १–७ |
| ७ | श्री आदर्श नि.मा.वि. | फिक्कल–१,इलाम | १–८ |
| ८ | श्री राष्ट्रिय नि.मा.वि. | फिक्कल–५,इलाम | १–७ |
| ९ | श्री कृष्णाश्रम उ.मा.वि. | कन्याम–८,इलाम | १–१२ |
| १० | श्री सरस्वती निवास मा.वि. | कन्याम–४,इलाम | १–१० |
| ११ | श्री रोजमेरी अंग्रेजी वोर्डिङ्ग | पंचकन्या–१,इलाम | नर्सरी–८ |
| १२ | श्री पिक प्वाइन्ट अंग्रेजी वोर्डिङ्ग | पंचकन्या–४,इलाम | नर्सरी–१० |
| १३ | श्री सनराइज अंग्रेजी वोर्डिङ्ग | फिक्कल–६,इलाम | नर्सरी–१० |
| १४ | श्री पंचकन्या आ.मा.वि. | फिक्कल–६,इलाम | नर्सरी–१० |
| १५ | श्री एभरलेण्ड अंग्रेजी वोर्डिङ्ग | फिक्कल–६,इलाम | नर्सरी–१० |
| १६ | श्री साई ज्योती अंग्रेजी वोर्डिङ्ग | फिक्कल–६,इलाम | नर्सरी–८ |
| १७ | श्री न्यू वर्ल्ड अंग्रेजी वोर्डिङ्ग | फिक्कल–३,इलाम | नर्सरी–९ |
| १८ | श्री टी गार्डेन अंग्रेजी वोर्डिङ्ग | कन्याम–२,इलाम | नर्सरी–८ |
| १९ | श्री गोल्डेन फ्यूचर अंग्रेजी वोर्डिङ्ग | कन्याम–८,इलाम | नर्सरी–८ |

स्रोतः जि.शि.का.इलामको करफोक स्रोत केन्द्रको प्रोफाइलबाट - २०६७



**अनुसूची–७**

## इलाम जिल्लाका विद्यालय, शिक्षक र विद्यार्थी संख्या

| तह | सामुदायिक विद्यालय | संस्थागत विद्यालय |
|---|---|---|
| प्राथमिक विद्यालय | २९५ | ६१ |
| निम्न माध्यमिक विद्यालय | ६६ | २२ |
| माध्यमिक विद्यालय | ५१ | २५ |
| उच्च माध्यमिक विद्यालय | ३० | ३ |
| **जम्मा** | **४४२** | **१११** |

### शिक्षक संख्या

| **प्राथमिक तह** | | | **निम्न माध्यमिक तह** | | | **माध्यमिक तह** | | |
|---|---|---|---|---|---|---|---|---|
| **स्वीकृत दरबन्दी** | **राहत दरबन्दी** | **जम्मा** | **स्वीकृत दरबन्दी** | **राहत दरबन्दी** | **जम्मा** | **स्वीकृत दरबन्दी** | **राहत दरबन्दी** | **जम्मा** |
| १३८७ | २०० | १५८७ | २५५ | १७३ | ४२८ | १७७ | १०३ | ३५७ |
| **कुल स्वीकृत दरबन्दी शिक्षक–१८१९**<br>**कुल राहत दरबन्दी शिक्षक–४७६** | | | | | | **जम्मा–२२९५** | | |

### विद्यार्थी संख्या

| **प्राथमिक तह** | | | **निम्न माध्यमिक तह** | | | **माध्यमिक तह** | | | **उच्च मा.वि.तह** | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| **छात्र** | **छात्रा** | **जम्मा** | **छात्र** | **छात्रा** | **जम्मा** | **छात्र** | **छात्रा** | **जम्मा** | **छात्र** | **छात्रा** | **जम्मा** |
| २२,११३ | २२,५५० | ४४,६६३ | ११,०४३ | १२,३४० | २३,३८३ | ४,८७७ | ५,७०३ | ९,८८० | २,२८६ | २,९८५ | ५,२७१ |
| **कुल छात्र– ४०,३१९**<br>**कुल छात्रा–४३,५७८** | | | | | | | | | **जम्मा– ८३,८९७** | | |

स्रोतः Flash Report,2067, जि.शि.का.इलाम